

एन्जल मिस नेवाः ... पृष्ठ ४


ग्राहक प्रति

लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित



लोकप्रिय राष्ट्रिय दैनिक राजधानी

ग्राहक बन्नु परेमा

नवीकरण गर्नु परेमा

ठेगाना परिवर्तन भएमा

र पत्रिका नियमित नआए

सिधा सम्पर्क 5546300,

बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108



काठमाडौं । वर्ष १५, अंक २५५, काठमाडौं, बुधबार १२ फागुन २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Wednesday 24 February 2016 । पृष्ठ : ८+४ मूल्य रु. ५/-


### मेसु डा. भुर्तेलविरुद्ध मुद्दा दायर

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चितवनको भरतपुर अस्पतकालमा कार्यरत मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. केशवराज भुर्तेलले भ्रष्टाचार गरेको भन्दै विशेष अदालतमा मुद्दा दायर गरेको छ ३

### दिल्लीको पानी वितरण आंशिक सुरु

भारतको राजधानी नयाँ दिल्लीमा पानीको आपूर्ति मंगलबारबाट आंशिक रूपमा सुचारु भएको छ । जाट समुदायको आन्दोलनका कारण दिल्लीमा तिन दिनदेखि पानीको हाहाकार भएको थियो । ८

### ९० दिनलाई पुग्ने इन्धन भण्डारण गर्न निर्देशन

आपूर्ति मन्त्रालयले नेपाल आयल निगमसँग लामो समयसम्म पुग्ने गरी इन्धनको भण्डारण क्षमता नभएको भन्दै ९० दिनलाई पुग्ने गरी इन्धन भण्डारण क्षमता बढाउन निर्देशन दिएको छ । ९

## प्रधानमन्त्रीको टोली गुजरातमा

# भुज पुनर्निर्माणबाट के सिक्ला नेपालले ?

भीम गौतम/राजधानी
काठमाडौं, ११ फागुन

भारतको राजकीय भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली भूकम्पबाट क्षति भई छोटो समयमै पुनर्निर्माण गरिएको गुजरातस्थित भुज पुगेर नेपालको पुनर्निर्माण कार्यमा आत्मबल बढेको बताए । १२ वैशाखमा २०७२ मा भूकम्प गएपछि पुनर्निर्माणको चरणमा अघि बढिरहेका बेला प्रधानमन्त्री ओलीले भुजको अवलोकनपछि नेपालको पुनर्निर्माणका लागि आत्मबल बढेको बताएका हुन् ।

दृढताका साथ मिलेर काम गरे पुनर्निर्माण सफलताका सम्पन्न गर्न सकिँदोरहेछ भन्ने उदाहरण भुजमा देखिएको बताएका प्रधानमन्त्री ओली फर्केपछि नेपालमा के त्यो मोडेलजस्तै द्रुतगतिमा पुनर्निर्माण अघि बढ्ला त ? यो प्रश्न भने नेपालका लागि सबैभन्दा महत्त्वपूर्ण छ । नेपाल र भारतबिचको भूकम्पपछिको क्षतिमा धेरै समानता छन् तर कार्यान्वयन पक्षमा भने आकाश पताल फरक छ । नेपालमा १२ वैशाखमा ७ दशमलव ८ रेक्टरको भूकम्प आएको थियो भने १५ वर्षअघि अर्थात् सन् २००१ मा भुजमा ७ दशमलव ७ रेक्टर स्केलको भूकम्प गएको थियो । भूकम्पका कारण भुजमा १८ हजार ६ सयको ज्यान गएको थियो भने नेपालमा त्योभन्दा आधा झन्डै ९ हजारको ज्यान गएको छ ।

भूकम्पबाट भुजमा ४ लाख घर ध्वस्त भएका थिए भने करिब ५ खर्ब ५० अर्ब डलरको क्षति पुगेको थियो । नेपालमा पनि प्रारम्भिक रूपमा अहिले पूर्ण रूपमा ६ लाख घर क्षति भएको तथ्यांक सार्वजनिक भएको छ । तर, अहिले भइरहेको डिजिटल सर्भे निष्पक्ष भए त्यो संख्या झन्डै ४ लाखमा झर्ने अनुमान सरकारी अधिकारीहरूको छ । आर्थिक रूपमा हेर्ने हो भने पनि नेपालको क्षति ५ खर्ब १७ अर्ब छ । पुनर्निर्माणका लागि करिब ६ खर्ब ७० अर्ब आवश्यक रहेको देखाएको थियो ।

(बाँकी पृष्ठ ३ मा)



तस्बिर : प्रकाश सिलवाल/रासस

### प्रधानमन्त्रीको भव्य स्वागत

भूकम्पपछिको पुनर्निर्माणको अवलोकन गर्न पुगेका प्रधानमन्त्री केपी ओली शर्मा ओलीलाई गुजरातको भुज क्षेत्रमा भव्य स्वागत गरिएको छ । मंगलबार गुजराज क्षेत्रको अवलोकन गर्न जाने क्रममा उनी नेतृत्वको टोलीलाई विमानस्थलदेखि नै भव्य स्वागत गरिएको हो ।

प्रधानमन्त्री ओलीको स्वागतमा गुजरातको परम्परागत झाँकी प्रदर्शन गरिएको थियो । गुजरातकी मुख्यमन्त्री आनन्दीबेन पटेलले प्रधानमन्त्री ओलीको स्वागत गरेकी थिइन् । अवलोकनका क्रममा प्रम ओली नेतृत्वको टोलीले राज्यका गभर्नर, मुख्यमन्त्री पटेललगायतसँग भेट गरी पुनर्निर्माणबारे जानकारी लिएको राससले जनाएको छ ।

# कांग्रेस बैठकमा कोइरालाको निधनबारे छानबिन माग

राजधानी समाचारदाता
काठमाडौं, ११ फागुन

नेपाली कांग्रेसका केन्द्रीय सदस्यहरूले पार्टी सभापति सुशील कोइरालको मृत्युबारे छानबिन गर्न माग गरेका छन् । मंगलबार बसेको केन्द्रीय कार्यसमितिको बैठकमा नेताहरूले सभापति कोइरालाको निधन सन्देहात्मक रहेको भन्दै छानबिनको माग गरेका हुन् ।

बैठकमा नेताहरूले कोइरालाको मृत्युबारे पार्टी र राज्यले यथार्थ जवाफ दिनुपर्ने मागसमेत गरे । बैठकमा केन्द्रीय सदस्य डा. शेखर कोइराला, सूर्यमान गुरुङ र बालकृष्ण खाँडले कोइरालाको मृत्युबारे छानबिन हुनुपर्ने माग गरेका हुन् । 'उहाँ (कोइराला) निधन हुनुभन्दा दुई घण्टा अघिसम्म पनि राम्रोसँग बोल्नुभएको थियो, दुइ घन्टापछि उहाँको निधन भयो । यो निधन सन्देहात्मक छ । त्यसैले, निधनबारे छानबिन हुनुपर्छ, पार्टी र राज्यले यथार्थ भन्नुपर्छ,' बैठकमा नेता गुरुङको भनाइ थियो। पूर्वप्रधानमन्त्री तथा पार्टी सभापतिको अप्रत्यासित निधनबारे पार्टी र राज्यले स्पष्टीकरण दिनुपर्ने धारणा अर्का नेता खाँडले बैठकमा राखेका थिए ।



'गुरुङले उठाउनुभएको विषय निकै गम्भीर छ, यसलाई गम्भीरतापूर्वक लिइनुपर्छ,' बैठकमा आफूले राखेको विषय उद्धृत गर्दै खाँडले राजधानीसँग भने । केन्द्रीय सदस्य डा. शेखर कोइरालाले सभापतिको निधनबारे पार्टी पदाधिकारीले पनि जवाफ दिनुपर्ने बताएका थिए । तर, पदाधिकारीले कुनै जवाफ दिएनन् ।

बैठकमा कार्यवाहक सभापति रामचन्द्र पौडेलले पार्टीको महाधिवेशनमा प्रस्तुत हुने नीति तथा कार्यक्रमको मस्यौदा प्रस्तुत गरेका थिए । केन्द्रीय सदस्यहरूले पौडेलले पेस गरेको मस्यौदामा आफ्ना धारणा राख्न समय नपुगेको गुनासो गरेपछि बिहीबारसम्म बैठक स्थगित भएको छ । बैठकमा वरिष्ठ नेता शेरबहादुर देउवा भने उपस्थित भएनन् ।

यसैबिच, महाधिवेशनका लागि गठित निर्वाचन समितिले तोकिएकै मितिमा महाधिवेशन गर्न पार्टी नेतृत्वलाई सुझाव दिएको छ । २० फागुनबाट सुरु हुन लागेको कांग्रेसको १३औं महाधिवेशन एक साता सर्ने चर्चा चलेपछि आयोगले तोकिएको मितिमै निर्वाचन गर्न सुझाएको हो ।

निर्वाचन समितिका पदाधिकारीहरूले मंगलबार कार्यवाहक सभापति पौडेल, महामन्त्रीद्वय प्रकाशमान सिंह र कृष्णप्रसाद सिटौलालाई भेटेर महाधिवेशनको कार्यतालिका नसार्न सुझाव दिएका हुन् । महाधिवेशनको कार्यतालिकाअनुसार आगामी २० देखि २४ फागुनसम्म भृकुटीमण्डपको हलसमेत बुक गरिसकेको उनीहरूले पार्टीका शीर्ष नेतालाई जानकारी दिएका छन् । महाधिबेशनको कार्यतालिका एक हप्ता सार्दा सो मितिमा पुनः हल बुक गर्न कठिन हुने स्मरण पनि उनीहरूले गराएका छन् । निर्वाचनका अन्य तयारी पनि पूरा भइसकेको जानकारी पनि गराएका थिए ।

(बाँकी पृष्ठ ३ मा)






राजधानी कुरी-कुरी

-उत्तम नेपाल




अरे..आँसु त अस्तिन बिहार मै सिद्यो..! अब दुताबासाँ ग'र के झार्ने हो ?!

## वैदेशिक रोजगार (म्यादी) जीवन बिमा

# ४५ प्रतिशत शुल्क बढाए सुविधा दोब्बर

शिव सत्याल/राजधानी
काठमाडौं, ११ फागुन

वैदेशिक रोजगारीमा जाने नेपाली कामदारले तिर्ने बिमा शुल्क ४५ प्रतिशत बढाउँदा बिमा गर्ने व्यक्तिले पाउने सुविधा दोब्बर गर्न सकिने निष्कर्ष निकालिएको छ। वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले गराएको अध्ययन टोलीले यस्तो निष्कर्ष निकालेको हो ।

वैदेशिक रोजगारीमा जाने कामदारको सुविधा बढाउन एजेन्ट कमिसन भने हटाउनुपर्ने देखिएको छ । बिमा समितिका निर्देशक श्रीमान् कार्कीको संयोजकत्वमा नेपाल राष्ट्र बैंकका निर्देशक वासुदेव अधिकारी र बोर्डका सदस्य डा. रमेश कोइराला सदस्य रहेको टोलीले यस्तो निष्कर्षसहितको प्रतिवेदन बोर्डमा बुझाएको छ। अध्ययनले विभिन्न पाँच विकल्प प्रस्ताव गरेको छ । अहिले कम्पनीहरूले लिँदै आएको बिमा शुल्कमा एजेन्ट कमिसन दिँदा पनि १८ दशमलव ५४ प्रतिशत नाफा गर्दै आएका छन् ।

अहिले एजेन्टले बिमा शुल्कको पहिलो २ वर्ष १० प्रतिशत र त्यसपछि तिन वर्षसम्म प्रत्येक वर्ष ५ प्रतिशतका दरले कमिसन पाउँदै आएका छन्। सरकारले वैदेशिक रोजगारीमा जाने व्यक्तिको लागि जीवन बिमा अनिवार्य गरिसकेको छ । सरकारले अनिवार्य गरेको बिमामा एजेन्ट कमिसन कायम राख्न उचित नहुने अध्ययन टोलीको प्रतिवेदनमा छ। तर, एजेन्ट कमिसनको व्यवस्था बिमा नियमावली २०४९ ले नै गरेका कारण त्यस्तो कमिसन हटाउन मन्त्रिपरिषद्ले नै निर्णय गर्नुपर्ने हुन्छ ।

पहिलो विकल्पमा बिमा शुल्क दोब्बर बनाएर सुविधा दोब्बर पार्न सकिने प्रस्ताव गरिएको छ । बिमा गर्ने व्यक्ति र उनीहरूका परिवारले पाउने सुविधा कम भएको भन्दै सुविधा बढाउन यस्तो अध्ययन गराइएको हो ।

(बाँकी पृष्ठ ३ मा)

# उपत्यकाका खुला ठाउँमा 'बेसमेन्ट पार्किङ'

सविन शर्मा/राजधानी
काठमाडौं, ११ फागुन

बढ्दो जनघनत्व र सवारी चापका कारण उपत्यकाका खुला ठाउँ भएका स्थानमा बेसमेन्ट पार्किङ (जमिनमुनिको पार्किङ) बनाइने भएको छ । पहिलो चरणमा उपत्यकाको खुला मञ्च र लैनचौरमा बेसमेन्ट पार्किङ बनाउन सम्भाव्यता अध्ययन भइरहेको छ ।

काठमाडौं महानगरपालिका र निजी क्षेत्रको सहकार्यमा बेसमेन्ट पार्किङ बनाउने विषयमा सम्भाव्यता अध्ययन भइरहेको महानगरका सार्वजनिक-निजी साझेदारी



कार्यक्रम प्रमुख शिवराज अधिकारीले बताए । 'महानगरको पहलमा निजी क्षेत्रसँग सहकार्य गरी बेसमेन्ट पार्किङ बनाउन सम्भाव्यता अध्ययन सुरु गरिएको छ,' उनले राजधानीसँग भने, 'डेढ महिनाभित्र खुला मञ्चको सम्भाव्यता अध्ययनको प्रतिवेदन र लैनचौरको तिन महिनाभित्र प्रतिवेदन तयार हुनेछ ।' उपत्यकाको सबैभन्दा ठुलो बेसमेन्ट खुला मञ्चको हुने उनले जानकारी दिए ।

'पुतली सडकतर्फको पुरानो बसपार्कदेखि वीर अस्पतालतर्फको न्युरोडसम्म खुलामञ्चमुनि ४८ रोपनी क्षेत्रफलमा दुई तले बेसमेन्ट पार्किङको सम्भाव्यता अध्ययन सुरु गरिएको छ,' कार्यक्रम प्रमुख अधिकारीले भने, 'महानगर एक्लैले बनाउने या निजी क्षेत्रसँगको सहकार्यमा बनाउने भन्ने विषयमा प्रतिवेदन आएपछि मात्रै तय हुनेछ ।'

एक दशकअघिदेखि नै काठमाडौं उपत्यकामा सवारी पार्किङको समस्या भएको भन्दै महानगरले भूमिगत पार्किङको विषयमा चर्चा चलाउँदै आएको थियो । महानगर आफैंले पार्किङ बनाउन नसक्ने भएपछि बिस्तारै चर्चा सेलाउँदै आएको महानगरले जनाएको छ ।

पहिलो चरणमा बनाउने तयारी गरिएको खुला मञ्चको बेसमेन्ट पार्किङका लागि सयौं करोड लाग्न सक्ने कार्यक्रम प्रमुख अधिकारीले बताए ।

(बाँकी पृष्ठ ३ मा)

## भुर्तेलविरुद्ध मुद्दा दायर

**काठमाडौं/रास–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चितवनको भरतपुर अस्पतालमा कार्यरत मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. केशवराज भुर्तेलले भ्रष्टाचार गरेको भन्दै विशेष अदालतमा मुद्दा दायर गरेको छ।

गैरकानुनी रूपमा २ करोड ६३ लाख ५२ हजार ६ सय ६८ रुपैयाँ भ्रष्टाचार गरेको अभियोगमा आयोगले मंगलबार विशेषमा मुद्दा दायर गरेको हो।

डा. भुर्तेलले अस्पताल भवन निर्माण गर्ने ठेकेदारसँग असुलउपर गरी कच्ची भवन बनाएको, स्टोरमा हुने सामान र उपकरण खरिदमा नाजायज फाइदा लिएको, कलेजको जग्गा भाडामा दिई आफूलाई गैरकानुनी रूपमा फाइदा र अस्पताललाई हानिनोक्सानी पुऱ्याएको पाइएकाले मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

डा. भुर्तेलले आफ्नै सेयर रहेको मौला कालिका अस्पतालमा पाठेघरको शल्यक्रिया गर्दा गैरकानुनी रूपमा रकम असुल गरेको लगायत कार्य गरी अकूत सम्पत्ति आर्जन गरी भरतपुर नगरपालिका-११ मा ६७ लाख रुपैयाँमा बंगला खरिद गरेको अनुसन्धानबाट खुलेको अख्तियारको दाबी छ।

गैरकानुनी रूपमा आर्जन गरेको रकमबाट काठमाडौंमा समेत घर बनाएको, नवलपरासीको गैंडाकोटमा समेत चलअचल सम्पत्ति जोडेको पाइएको आयोगले जनाएको छ।

## सभापतिमा चारको दाबी

**भक्तपुर/रास–** भक्तपुर कांग्रेस सभापतिका लागि चार जनाको उम्मेदवारी परेको छ। अधिवेशनमा संस्थापन पक्ष र शेरबहादुर देउवा पक्षका दुई/दुई जनाको उम्मेदवारी परेको हो। देउवा पक्षका तर्फबाट निवर्तमान सभापति गणेशमान चक्रधर र दुर्लभ थापाले प्यानलसहित उम्मेदवारी दर्ता गराएका छन्। संस्थापन पक्षबाट अष्टकुमार कबे र राजाराम खड्काले सभापतिमा उम्मेदवारी दिएका छन्।

निर्वाचन अधिकृत गोकर्ण बानियाँका अनुसार आज (बुधबार) बिहान ९ बजेदेखि १ बजेसम्म सिद्धपोखरी पार्टी प्यालेस दुधपाटीमा नेतृत्व चयनका लागि मतदान हुनेछ। चारै उम्मेदवारबिच कडा प्रतिपर्स्धा हुने भएपछि पहिलो चरणमा सभापतिको उम्मेदवार छनोट हुने सम्भावना कम रहेको कांग्रेस नेता कार्यकर्ताहरू बताउँछन्।

### शैक्षिक सत्र सुरु

# विद्यार्थीले पाएनन् पुस्तक

**सञ्चिता घिमिरे/राजधानी**
काठमाडौं, ११ फागुन

कर्णालीमा नयाँ शैक्षिक सत्र सुरु भइसक्दा पनि विद्यार्थीका हातमा पाठ्यपुस्तक पुगिसकेको छैन। यस वर्ष समयमा पाठ्यपुस्तक पुऱ्याउने भनिए पनि छपाइको प्रक्रिया सुरु हुँदादेखि नै ढिलाइ भएको थियो।

कर्णालीका जिल्लाहरूमा १ फागुनबाट नै नयाँ शैक्षिक सत्रको सुरु भएको छ। अरू जिल्लाहरूमा वैशाखको पहिलो साता विद्यालय खुल्ने भए पनि हुम्ला, जुम्ला, मनाङ, मुस्ताङ र डोल्पामा १ फागुनबाटै विद्यालय खुल्ने गरेका छन्।

पाठ्यपुस्तकको छपाइ र वितरणको जिम्मेवारी लिएकाहरू पाठ्यपुस्तक जाँदै गरेको बताउँछन्। सरोकारवालाले भने शैक्षिक सत्रको सुरु हुँदा नै विद्यार्थीका हातमा पाठ्यपुस्तक भइसक्नुपर्ने बताउँछन्। अभिभावक संघ नेपालका अध्यक्ष सुप्रभात भण्डारीले जसरी भए पनि शैक्षिक सत्र थाल्दा नै विद्यार्थीका हातमा पाठ्यपुस्तक हुनुपर्ने बताए। उनले भने, 'कर्णालीका जिल्लाहरूमा अहिले पनि जाँदै भन्छन् तर यतिबेलासम्म विद्यार्थीले पाठ्यपुस्तक पाइसक्नुपर्ने हो।'

तत्कालीन शिक्षामन्त्री चित्रलेखा यादवले गरेको निर्णयका आधारमा प्राथमिक तहको पाठ्यपुस्तक यो वर्ष पनि निजीले छाप्दै छन्। माथिल्लो तहमा पाठयपुस्तक छपाइ जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडले गर्ने निर्णय भएको थियो। १७ ओटा निजी प्रकाशन गृहले देशभरका प्राथमिक तहमा अध्ययनरत विद्यार्थीका लागि पाठ्यपुस्तक छाप्ने जिम्मा पाएका थिए। निजीले पुस महिनाको अन्त्यमा मात्रै छाप्न विषयवस्तु पाएका थिए। पाठ्यक्रम विकास केन्द्रले प्राथमिक तहमा सामाजिक शिक्षा विषयमा संशोधनको निर्णय गरे पनि त्यसको प्रारूप (प्रिन्टिङ रेडि कपी) उपलब्ध गराएको थिएन। बर्सेनि सरकारले विभिन्न किसिमका ढिलाइ गर्ने प्रकाशन गृहको भनाइ छ।

मनाङका जिल्ला शिक्षा अधिकारी (जिशिअ) रमाकान्त शर्माले विद्यालयहरूमै पुगिनसके पनि सदरमुकाममा आवश्यक परिणाममा पाठ्यपुस्तक आइपुगेको जानकारी दिए। उनले भने, 'अघिल्लो वर्षको स्टक र अहिले आएको गरेर हामीलाई यो वर्षका लागि पुग्ने मात्रामा पाठ्यपुस्तक आइसकेको छ।' उनका अनुसार मनाङ जिल्लामा केही विद्यालयका प्रधानाध्यापकले पाठ्यपुस्तक लगिसकेको र केहीले लाने क्रममा रहेको छ।

पाठ्यपुस्तक पुग्ने क्रममा भए पनि जिल्ला शिक्षा कार्यालयले विद्यालयहरूलाई कक्षा सञ्चालन गर्न निर्देशन दिएका छन्। अनुभवका आधारमा पनि शिक्षकलाई पढाउन भनिएको जिशिअ शर्माले बताए। मनाङका माथिल्ला भेगमा हिमपातका कारण विद्यालय खुलिसकेका छैनन्। पुस र माघ दुई महिना पढाइ ठप्प हुने यी ठाउँमा पढाइ चाँडो सुरु गर्ने पहल भइरहेको छ।

माघ महिनाको मध्यमा छापिसक्दा मात्र फागुन अघि नेपालगन्ज हुँदै कर्णालीका व्यापारीसम्म पुस्तक पुग्छ। व्यापारीले जिल्लाको सदरमुकाम पुऱ्याएपछि विद्यालयका प्रधानाध्यापक वा शिक्षकले चाहिने सेट पुस्तक लान्छन्।

यस वर्ष प्रकाशन गृहले लोडसेडिङ, डिजेलको अभाव नाकाबन्दीका कारण कागजको अभाव भोगेका थिए। अभिभावक संघ नेपालका अध्यक्ष भण्डारी एकले अर्कालाई दोष दिएर विद्यार्थीका हातमा पुस्तक पुग्न ढिलाइ गर्न नहुने बताउँछन्। केन्द्रले साउनमा नै पीआरसी हातमा पर्दा समयमा पाठ्यपुस्कको छपाइ र वितरण हुन सक्छ। उनले भने, 'समयमा पाठ्यपुस्तक पुऱ्याउन सरकारी निकाय नै लाग्नुपर्छ।'

फागुनबाट पढाइ हुने ठाउँमा माघमा र वैशाखबाट नयाँ शैक्षिक सत्र सुरु हुनेमा चैतमा पाठ्यपुस्तक छापिसक्दा मात्र विद्यार्थीले समयमा पाउन सक्छन्। देशको भौगोलिक बनावट असहज भएकाले पनि शैक्षिक सत्रभन्दा पहिले नै छापिसक्दा मात्र समयमा पाठ्यपुस्तक पुग्न सक्छ। उनले भने, 'यो वा त्यो बहाना देखाएर र एकले अर्कोलाई देखाएर उम्कनुहुँदैन, समयमा पाठ्यपुस्तक विद्यार्थीले पाउनुपर्छ।' छापिन नै ढिलाइ हुँदा कतिपय जिल्लामा शैक्षिक सत्रको अन्त्यसम्ममा पनि पाठ्यपुस्तक पुग्न सक्दैनन्।

शिक्षामन्त्री गिरिराजमणि पोखरेलले पाठ्यपुस्तकको अभाव हुन नदिने बताउँदै आएका छन्। देशभरका सामुदायिक विद्यालयमा अहिले ५९ लाख ५० हजार ८ सय ५४ विद्यार्थी अध्ययनरत छन्।

### उच्च माविमा पनि लेटर ग्रेडिङ

**काठमाडौं/रास–** उच्च माध्यमिक तहमा पनि अक्षरांक पद्धति (लेटर ग्रेडिङ) लागू हुने भएको छ। यसअघि प्रवेशिका (एसएलसी) मा लेटर ग्रेडिङ लागू भएको थियो। राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा मूल्यांकन परिषद्को गत २३ मंसिरको निर्णयअनुसार प्रवेशिका परीक्षाका साथै उच्च माध्यमिक तह र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले समेत अक्षरांक पद्धति लागू गर्ने नीतिअनुरूप उक्त पद्धति लागू गर्न लागिएको हो।

शिक्षा मन्त्रालयमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा शिक्षामन्त्री गिरिराजमणि पोखरेलले अहिले प्रवेशिका (एसएलसी) लेटर ग्रेडिङमा नतिजा पाएका विद्यार्थीको उच्च माध्यमिक तहमा पनि 'लेटर ग्रेडिङ'बाटै मूल्यांकन गरिने बताए। उनले भने, 'विद्यालय तहबाट सुरु भएकाले माथिल्ला तहमा पनि लागू हुनेछ।' मन्त्री पोखरेलले उच्च माध्यमिक तहमा पनि खुला तथा दूरशिक्षा पद्धति लागू गर्ने पनि बताए। यसको व्यावहारिक, अन्तरवस्तु र कार्यविधि तयार गर्न शिक्षा विभागका महानिर्देशक खगराज बरालको संयोजकत्वमा पाँच सदस्यीय कार्यदलसमेत गठन गरिएको छ।

## साउदीमा बन्धक चेलीको उद्धार



**भरत प्रधान/रासस**
साउदी अरब, ११ फागुन

साउदी अरबमा बन्दी जीवन बिताइरहेकी एक नेपाली चेलीको उद्धार गरी स्वदेश पठाइएको छ।

दलालको प्रलोभनमा परी दिल्लीको बाटो हुँदै घरेलु कामदारका रूपमा पाँच वर्षअघि साउदी आएकी पाल्पा कचलकी ३१ वर्षीया निर्मला परियारलाई उद्धार गरी स्वदेश पठाइएको हो। रियादबाट करिब २० किमिको दुरीमा पर्ने दखल मौजुदस्थित साउदी नागरिकको घरमा बन्दी जीवन बिताइरहेकी पीडित निर्मलालाई नेपाली जनप्रगतिशील मोर्चाले दूतावासको समन्वयमा उद्धार गरेको हो।

गत २९ जनवरीमा उद्धार गरी रियादस्थित नेपाली दूतावासको आश्रयस्थलमा राखिएकी निर्मलालाई आवश्यक प्रक्रिया पूरा गरी सोमबार साँझ स्वदेश पठाइएको मोर्चाका अध्यक्ष मीनराज नाथले जानकारी दिए। निर्मलालाई मोर्चाका मोहन सारू र मेघनाथ भट्टराईको संयुक्त प्रयासमा साउदी नागरिकको घरबाट उद्धार गरिएको हो।

गत जनवरी २९ मा घरका परिवार सुतेको मौका पारी राति चार घण्टाको निरन्तर प्रयासपछि बिहान ४ बजे उनलाई बन्दी बनाइएको घरबाट भगाएर दूतावास पुऱ्याइएको थियो। कुवेतमा रहेकी उनकी दिदीमार्फत उनी साउदी नागरिकको घरमा बन्दी जीवन बिताइरहेको खबर पाएपछि आफूहरूले पाँच महिनादेखि निरन्तर उद्धारको प्रयास गरेको मोर्चाका उपाध्यक्ष मानबहादुर सहकारीले बताए। घरेलु कामदारका रूपमा आएकी पीडित निर्मलाको पारिश्रमिकसमेत दलालको हातमा पर्दै आएको थियो।

बन्धक बनाइएका परिवारका सदस्यबाट दिइने शारीरिक र मानसिक यातनाका कारण उनी पीडित बनेकी थिइन्। साउदी नागरिकले उनलाई शौचालयमा लगेर कुटपिट तथा शारीरिक यातना दिने गरेका कारण उनको जीवनसमेत संकटमा परेको थियो।

गैरकानुनी बाटो भएर साउदी आइपुगेकी पीडित परियारलाई यात्रा अनुमति पत्र बनाई नेपाल फर्कने व्यवस्था मिलाइएको कार्यवाहक राजदूत आनन्दप्रसाद शर्माले जानकारी दिए।

### शिक्षण अस्पतालमा क्यान्सर सेन्टर

# चार वर्ष बित्यो अझै बनेन भवन

**केशरमणि कटुवाल/राजधानी**
काठमाडौं, ११ फागुन

सरकारले चार वर्षअघि नै क्यान्सर सेन्टर सञ्चालनमा ल्याउने घोषणा गरे पनि अझै भवन निर्माण कार्यले पूर्णता पाउन सकेको छैन।

त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा निर्माण गर्ने भनिएको क्यान्सर सेन्टरको एकपटक म्याद थपेर चार वर्ष पुगिसक्दा पनि भवन निर्माण नसकिएपछि पुनः म्याद थप्न सिफारिस गरिएको छ।

डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले माओवादी विद्रोहका समयमा राज्य पक्षबाट मारिएका सबैभन्दा उच्च तहका नेता सुरेश वाग्लेको नाममा सुविधा सम्पन्न क्यान्सर सेन्टर स्थापना गर्ने निर्णय गरेको थियो।

तर, अझै भवन निर्माणकार्यले पूर्णता पाउन नसक्दा दोस्रो पटक आगामी नोभेम्बर महिनासम्म म्याद थप्न अस्पतालले भवन विभागमा सिफारिस गरेको छ।

सरकारले ५५ करोड लागतमा १ सय ५० शय्याको 'सुरेश वाग्ले क्यान्सर सेन्टर' निर्माण गर्ने निर्णय गरेको थियो। तर, अहिलेसम्म भवन निर्माण कार्य नै पूरा भएको छैन भने त्यसलाई सञ्चालनमा ल्याउन आवश्यक भौतिक पूर्वाधार र कर्मचारी व्यवस्थापनतर्फ अहिलेसम्म सरकारको ध्यान जान सकेको छैन।

'सरकारको योजनाअनुसार भवन निर्माण कार्य भइरहेको छ तर अहिलेसम्म भौतिक पूर्वाधार तथा कर्मचारी व्यवस्थापनका विषयमा प्रक्रिया अघि बढ्न नसक्दा अन्योल थपिएको छ,' शिक्षण अस्पतालका उपनिर्देशक प्रा.डा. प्रेमकृष्ण खड्काले भने, 'सरकारले आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गर्ने हो भने एक वर्षसम्ममा क्यान्सर सेन्टर सञ्चालन गर्न सकिन्छ।'

सो क्यान्सर सेन्टरलाई सञ्चालनमा ल्याउन करिब ४ सय कर्मचारी आवश्यक पर्ने डा. खड्काले जानकारी दिए। उनले शिक्षण अस्पताल आफैंले भने तत्काल क्यान्सर सेन्टर सञ्चालनमा ल्याउन सक्ने सम्भावना नरहेको उल्लेख गरे।

'शिक्षण अस्पताल ३ सय १ शय्याबाट सुरु हुँदा भएको जुन जनशक्तिलाई राज्यबाट सुविधा दिइएको थियो। अहिले ५ सय ८४ शय्याको हुँदा पनि त्यही नै छ,' उनले भने, 'हामीले आन्तरिक स्रोतबाट व्यवस्थापन गर्दा यहाँको करिब ७० प्रतिशत बजेट त्यसमै खर्चनुपरेको छ। त्यसैले, अस्पतालले क्यान्सर सेन्टर सञ्चालन गर्न सक्ने अवस्था भने तत्काल देखिँदैन।'

क्यान्सर रोग परीक्षणका लागि सुविधा सम्पन्न ल्याब, रेडियोथेरापीका मेसिन किन्न तथा कर्मचारी व्यवस्थापनका लागि अर्बौं बजेट चाहिने हुनाले सरकारले व्यवस्थापन नगरेको खण्डमा सेन्टर सञ्चालनमा स्वतः समस्या आउने उनको भनाइ थियो।

सरकारले अहिलेसम्म भवन निर्माणका लागि दिने भनिएको ५५ करोड भने कार्यप्रगतिका आधारमा दिइरहेको र आगामी नोभेम्बरसम्ममा भवन निर्माण कार्य भने सम्पन्न गर्ने लक्ष्य रहेको अस्पतालका प्रशासन प्रमुख चन्द्रमणि भण्डारीले जानकारी दिए।

इँटा र सिमेन्टको प्रयोग गरी भवन निर्माण भइरहेको समयमा गत १२ वैशाखमा शक्तिशाली भूकम्प गएपछि सो भवनलाई 'थ्रीडी प्यानलिङ' गरी निर्माण कार्यलाई निरन्तरता दिइएको उनले बताए।

## उपत्यकाका खुला...

उपत्यकाको खुला चौरमुनि बनाइने बेसमेन्ट पार्किङले घना बस्तीको सवारी आवागमनमा सहज हुने महानगरले विश्वास लिएको छ। अधिकारीले अध्ययनको जिम्मा नेस्ट प्रालिले लिएको र उसले डेढ महिनामा प्रतिवेदन महानगरलाई दिने जानकारी दिए। उनका अनुसार महानगरले प्रतिवेदन प्राप्त गरेपछि निजी क्षेत्रसँगको सहकार्यका लागि बोलपत्र आह्वान गरी बेसमेन्ट निर्माणको जिम्मा दिने तयारी गरिएको छ।

खुला मञ्चदेखि न्युरोड, बागबजार तथा पुरानो बसपार्क छुने भूमिगत मार्गसहितको दुईतले बेसमेन्ट पार्किङ निर्माण र त्यसमा ओहोरदोहोर गर्न सुरुङमार्गसमेत निर्माण गर्ने गरी सम्भाव्यता अध्ययन गर्न दिइएको अधिकारीले बताए। उनका अनुसार सर्वसाधारणले खुला मञ्चमा मोटर पार्किङ गरेर नयाँ सडक, बागबजार तथा बसपार्कसम्म पैदलमार्गको समेत निर्माण हुनेछ। पैदलयात्रीले पनि भूमिगत मार्ग प्रयोग गरेर ओहोरदोहोर गर्न सक्ने गरी सम्भाव्यता अध्ययन हुनेछ।

यस्तै, लैनचौरको बेसमेन्ट पार्किङ ठमेलको सवारी व्यवस्थापनका लागि निर्माण गर्न लागिएको उनले जानकारी दिए। काठमाडौं उपत्यकाको पार्किङको समस्यालाई ध्यानमा राखी बेसमेन्ट पार्किङ बनाउन लागेको महानगरले लैनचौरमा पार्किङ गरेको सवारी साधनलाई अमृत साइन्स क्याम्पसबाट सोह्रखुट्टे हुँदै सुरुङमार्गबाट बाहिरिने व्यवस्था गर्न लागेको छ। निर्माणपछि भूमिगत मार्गको दायाँबायाँ व्यावसायिक प्रयोजनका लागि प्रयोग गर्न सटरहरू निर्माण हुने महानगरले जनाएको छ। 'भूमिगत पार्किङसँगै पार्किङ गरेर निस्कने यात्रु तथा सवारी चालकका लागि व्यावसायिक कफी सप तथा व्यापारिक सटरहरू निर्माण हुनेछन्,' कार्यक्रम प्रमुख अधिकारीले भने, 'सबवेबाट आवतजावत गर्नेहरूका साथै व्यापारिक सटरहरू पनि निर्माण हुँदा बेसमेन्ट पार्किङको व्यवस्थापनमा सहज हुनेछ।'

## कांग्रेस बैठकमा...

महाधिवेशन उद्घाटनका लागि खुला मञ्च र बन्द सत्रका लागि भृकुटीमण्डपको हल बुकिङ भइसकेको छ।

'तोकिएको समयमा महाधिवेशन गर्न र महाधिवेशनको कार्यतालिका नसार्न हामीले पार्टीका शीर्ष नेता र केन्द्रीय समितिलाई औपचारिक रूपमा नै सुझाव दिएका छौं,' निर्वाचन समिति सदस्य गोपालकृष्ण घिमिरेले भने। निर्वाचन समितिका अनुसार तोकिएका मितिमा निर्वाचन गर्न सबै तयारी पूरा भइसकेको छ भने १५ फागुनभित्रमा सबै निर्वाचन क्षेत्रमा क्षेत्रीय अधिवेशन हुनेछन। तोकिएको समयमा निर्वाचन गर्न अन्य प्राविधिक तयारीहरू पनि गरिएको छ। 'निर्वाचन समितिका कारणले निर्वाचन हुन नसक्ने कुनै कारण छैन, निर्वाचनका सबै तयारी पुरा भएका छन्,' केन्द्रीय कार्यालय सचिव केशव रिजालले भने।

## ४५ प्रतिशत...

एजेन्ट कमिसन नहटाई बिमा शुल्क र सुविधा दोब्बर बनाउँदा बिमा गराउने बिमा कम्पनीको नाफा २१ दशमलव ३७ प्रतिशत हुने अध्ययनले देखाएको छ। दोस्रो विकल्पमा बिमा शुल्क अहिलेको भन्दा ७५ प्रतिशत बढाएर सुविधा दोब्बर बनाउन सकिने प्रस्ताव गरिएको छ। यसरी सुविधा बढाउन एजेन्ट कमिसन हटाउनुपर्नेछैन भने बिमा गराउने कम्पनीको नाफा १७ दशमलव ५२ प्रतिशत हुने अध्ययनले देखाएको छ।

तेस्रो विकल्पमा अहिले तिर्दै आएको बिमा शुल्क ७० प्रतिशत बढाउँदा सुविधा दोब्बर बनाउन सकिने निष्कर्ष निकालिएको छ। यसका लागि एजेन्ट कमिसन यथावत् रहनेछ भने बिमा गराउने कम्पनीले बैदेशिक रोजगार (म्यादी) जीवन बिमा गराउँदा १६ दशमलव ६३ प्रतिशत नाफा गर्न सक्ने अध्ययनले देखाएको छ। यस्तै चौथो विकल्पका रूपमा अहिलेको बिमा शुल्कमा ६५ प्रतिशतले वृद्धि गर्दा बिमा गराउने व्यक्तिले पाउने सुविधा दोब्बर पार्न सकिने देखिएको छ। यस्तो विकल्पमा पनि एजेन्ट कमिसन यथावत् राखिएको छ। यसो गर्दा बिमा कम्पनीहरूले बिमा गराएबापत १५ दशमलव ६७ प्रतिशत नाफा गर्न सक्नेछन्।

यस्तै, पाँचौं विकल्पका रूपमा अहिलेको बिमा शुल्कमा ४५ प्रतिशतले वृद्धि गर्ने र एजेन्ट कमिसन हटाउनुपर्ने सुझाव दिइएको छ। यसो गर्दा बिमा गराउने व्यक्तिले पाउने सुविधा दोब्बर पार्न सकिने निष्कर्ष छ। कमिसन हटाएर बिमा शुल्कमा ४५ प्रतिशत वृद्धि गराउँदा बिमा गराउने कम्पनीले १६ दशमलव १० प्रतिशत नाफा गर्न सक्ने अध्ययनको ठहर छ। अध्ययनअनुसार शुल्क वृद्धि गरेर एजेन्ट कमिसन हटाउदा बिमा गराउने व्यक्तिको मृत्यु भए १० लाख रुपैयाँ पाउनेछन्।

यस्तै, स्थायी रूपमा अंगभंग हुने व्यक्तिले १ लाख रुपैयाँ पाउनेछन्। अहिले बिमा गराउनेले मृत्यु हुँदा ५ लाख र अंगभंग हुँदा ५० हजार रुपैयाँ पाउने व्यवस्था छ। यस्तै, बिमा गराउने व्यक्तिको मृत्यु भए आफन्तले ५० हजार रुपैयाँबाट बढेर १ लाख रुपैयाँ, औषधि खर्च ५० हजार रुपैयाँबाट बढेर १ लाख रुपैयाँ र विदेशमा मृत्यु भएका व्यक्तिको शव नेपाल ल्याउन १ लाख रुपैयाँ पाउनेछन्।

अहिलेको एकबर्से बिमा लेखमा ४५ प्रतिशत बिमा शुल्क बढाएर एकदेखि दुई वर्ष म्याद थप गर्दा उमेरअनुसार १ हजार ७ सय ७६ रुपैयाँदेखि ७ हजार २ सय ५० रुपैयाँ बिमा शुल्क तिनुपर्ने हुन्छ। यस्तै, दुईबर्से बिमालेखमा अवधि थप गर्दा २ हजार ८ सय ६५ रुपैयाँदेखि ९ हजार ५ सय ७० रुपैयाँ, तिनबर्से बिमा लेखमा अवधि थप गर्दा ३ हजार ७ सय ४८ रुपैयाँदेखि १२ हजार ३५ रुपैयाँ, चार बर्से बिमालेखमा अवधि थप गर्दा ४ हजार ६ सय ४ रुपैयाँदेखि १४ हजार ५ सय रुपैयाँ र पाँच बर्से बिमालेखमा अवधि थप गर्दा ५ हजार २ सय ९३ रुपैयाँदेखि १६ हजार ८ सय २० रुपैयाँ बिमा शुल्क तिर्नुपर्छ।

वैदेशिक रोजगार (म्यादी) जीवन बिमा १८ वर्षदेखि ६४ वर्षसम्मका लागि शुल्क तय गरिएको छ। ६५ वर्षभन्दा माथिको व्यक्तिले यस्तो बिमा गराउँदा बिमा गराउने कम्पनीले तय गरेको शुल्क एकमुष्ट रूपमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ।

## भुज पुनर्निर्माणबाट...

सहायता जुटाउन सरकारले १० असारमा गरेको दाता सम्मेलनबाट झन्डै ४ खर्बको प्रतिबद्धतासमेत आएको छ।

दुई वर्षको अवधिमा झन्डै २ अर्ब डलर खर्च गरी सम्पूर्ण भत्किएका भौतिक संरचनाहरूको पुनर्निर्माण गरेको गुजरात राज्यले जनतालाई साथमा लिएर तिन वर्षभित्र पुरै पुनर्निर्माण गरेर भुजको काँचुली फेर्न सफल भएको थियो। चर्चित मानिने भूकम्पपछिको भुज मोडेलको नेतृत्व तत्कालीन गुजरातका मुख्यमन्त्री एवं हाल भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले गरेका थिए। 'भूकम्पपछिको गुजरात मोडेलबाट नेपालले सिक्नुपर्ने धेरै पाठ छन्,' भूकम्पपछिको पुनर्निर्माणका लागि गठित राष्ट्रिय भूकम्प प्राधिकरणका पूर्वप्रमुख कार्यकारी अधिकृत (सीईओ) डा. गोविन्दराज पोखरेलले भने, 'पुनर्निर्माणमा तत्काल निर्णय र कार्यान्वयन, गुणस्तरीयतामा ध्यान मुख्य सिक्नुपर्ने पाठ हुन्।'

उनका अनुसार गुजरात पुनर्निर्माणमा मुख्यतया स्थानीय जनता र निजी क्षेत्रलाई परिचालन गरिएको थियो। गैरसरकारी संघ/संस्था निषेधजस्तै छ। तर, नेपालमा भने तत्काल निर्णय र कार्यान्वयनमा सबैभन्दा ढिलाइ छ भने सबैभन्दा बढी पुनर्निर्माणको काममा गैरसरकारी संघ/संस्थाको सक्रियता छ। सर्भेको काममै गैसस परिचालन गरिएको छ। यसका कारण पनि पुनर्निर्माणमा ढिलाइ भएको सरकारी अधिकारीहरू बताउँछन्। प्राधिकरणका कायममुकायक सचिव मधुसूदन अधिकारी पनि भुजबाट धेरै पाठ सिक्न सकिने बताउँदै भुजको पुनर्निर्माणमा संलग्न विज्ञहरूलाई बोलाएर उनीहरूको अनुभवका आधारमा पुनर्निर्माण नीति र कार्ययोजना बनाइएको बताउँछन्। 'भूकम्पपछिको भुज पुनर्निर्माणमा संलग्न विज्ञहरूलाई बोलाएर जानकारी लिई त्यसलाई नीति ल्याउँदा ध्यान दिएका छौं, पाकिस्तानको पुनर्निर्माणमा संलग्न विज्ञको अनुभवलाई समेत समेटेका छौं,' उनले भने, 'प्रधानमन्त्री र प्राधिकरणका सीईओले नै अवलोकन गरेपछि अझ कार्यान्वयनमा सहज हुन्छ।'

नेपालमा भूकम्प गएको नौ महिनापछि अर्थात् पुसभित्र मात्र बल्ल राष्ट्रिय पुनर्निर्माण प्राधिकरण पायो भने अझै कर्मचारीहरूको पूर्ण व्यवस्थापन भएको छैन। प्राधिकरणका कायममुकायक सचिव अधिकारी प्राधिकरण गठनमा ढिलाइ भएको र अझै कर्मचारी पूर्णता नभएको स्विकार्छन्। '१० पुसमा प्राधिकरणमा सीईओ नियुक्ति भयो भने २७ पुसभित्र पूर्णता पायो, यसमा ढिला भएकै हो,' उनले भने, '३ माघमा २ सय ८ कर्मचारी मागेका थियौं तर अहिलेसम्म ३० जना मात्र सरकारले उपलब्ध गराएको छ।' आर्थिक वर्ष २०७२/७३ को बजेटमा प्राधिकरणमार्फत ७४ अर्ब र विभिन्न सरोकारवाला मन्त्रालयमार्फत खर्च गर्ने १७ अर्ब गरी ९१ अर्ब छुट्याइएको थियो। दुई वर्षमा २ खर्ब खर्च भएको थियो भुजमा तर नेपालमा भूकम्प गएको ११ महिना पुग्दा पुनर्निर्माणको खर्च शून्य छ।

गत २ माघमा भूकम्पछिको पुनर्निर्माण महाअभियान शुभारम्भ गरेको प्राधिकरण एक वर्षपछि १२ वैशाखबाट पूर्ण रूपमा पुनर्निर्माण अघि बढाउने घोषणा गरेको छ। यसको पूर्वतयारीका लागि १२ फागुनदेखि दोलखामा स्रोत केन्द्र स्थापना गर्ने कार्यक्रम भए पनि विडम्बना मंगलबार अर्थात् ११ फागुनसम्म प्राधिकरणले बजेटसमेत पाएको छैन। 'अर्थ मन्त्रालयसँग ७४ अर्ब माग गरेका छौं तर पाएका छैनौं,' प्राधिकरणका कामु सचिव अधिकारीले राजधानीसँग भने, 'यसका कारण पुनर्निर्माण अघि बढाउन समस्या परेको छ।' स्रोतका अनुसार पुनर्निर्माण प्राधिकरणले अर्थ मन्त्रालयका अधिकारीहरूसँग सल्लाह नगरी बजेटको काम अघि बढाएको भन्दै उनीहरू असन्तुष्ट छन्।

केन्द्रीय स्तरमा पुनर्निर्माणका लागि संयन्त्र बनाएर भुजमा सरकारी निकायमार्फत नै पुनर्निर्माण अघि बढाइएको थियो तर नेपालमा सम्बन्धित मन्त्रालयहरूलाई कार्यान्वयन निकाय माने पनि अहिले १ सय ५० स्रोत केन्द्र स्थापनालाई समेत जोड दिइएको छ। गुजरात पुनर्निर्माणका जानकारका अनुसार पाँच वर्षसम्म गुजरातमा उद्योगधन्दा, कलकारखाना सञ्चालनमा कुनै प्रकारको शुल्क राज्यलाई बुझाउनुनपर्ने गरी करमुक्त क्षेत्रका रूपमा अघि सारिएको थियो। जसका कारणले आर्थिक रूपमा धराशायी हुने अवस्थामा पुगेको गुजरातमा ३ सय नयाँ कम्पनी आएका थिए भने यसले रोजगारी अभिवृद्धिका साथै कुल गार्हस्थ्य उत्पादनमा समेत वृद्धि भएको थियो। यही अवधिमा जलविद्युत् उत्पादनलाई महत्त्व दिँदै सरकारले सहुलियत ऋण दिएको थियो भने सिँचाइ, मल, बीउ उपलब्ध गराउने कार्यलाई थप सहजीकरण गरिएको थियो। नेपालमा भने पुनर्निर्माणको नीति र कार्ययोजनाले भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण तथा उत्पादनशिल क्षेत्रहरूमा समेत केही राहतका कार्यक्रम त ल्याइएको छ तर नयाँ लगानी भित्र्याउन अझै ठोस कार्यक्रम ल्याउन सकेको छैन।

भुजमा ई-गभर्नेन्सको सिद्धान्तलाई आत्मसात् गरेकाले समयको बचतका साथै भष्टाचारमा कमी आए पनि नेपालमा यसबारे समेत दातादेखि नागरिकलाई समेत सरकारले ग्यारेन्टी गर्न सकेको छैन। 'भुजमा जस्तो नीति र कार्ययोजना बनेका छैनन्, तत्काल निर्णय र कार्यन्वयनमा समेत विज्ञभन्दा बढी राजनीति व्यक्ति भएको संयन्त्र रहेकाले तत्काल निर्णय गर्न सक्ने सम्भावना कम छ,' राष्ट्रिय योजना आयोगका एक अधिकारीले भने, 'दाताहरूले दिएको रकम दुरुपयोग हुनबाट जोगिन्छ र गैससहरूले लक्षित वर्गसम्म प्रभावकारी रूपमा कार्यक्रम पुऱ्याउँछन् भन्ने कुराको कुनै ग्यारेन्टी छैन।' प्राधिकरणका कामु सचिव अधिकारी भने पछिल्लो समयमा द्रुतगतिमा पुनर्निर्माण कार्य अघि बढेको र निर्णय प्रक्रियामा कुनै ढिलाइ नभएको बताउँछन्।



*भारतको गुजरात प्रान्तको भुज सहरमा भूकम्प मापन केन्द्र स्थापना गरी भूकम्पपछि पुनर्निर्माण गरिएको छ।*
**तस्बिर : रासस**

# प्रहरीसँग लुटिएको ग्याँस गनसहित चौधरी पक्राउ

**सुरेश पन्त/राजधानी**
धनगढी, ११ फागुन

गत ७ भदौमा टीकापुरमा भएको घटनामा नेपाल प्रहरीबाट लुटिएको एक थान मल्टी ग्याँसगनसहित कुकरा चौधरी पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय कैलाली र प्रहरीको सुदूरपश्चिम क्षेत्रीय अनुसन्धान समूह (आरआईटी) को संयुक्त रूपमा खटिएको टोलीले सोमबार कैलालीको बसौटी-३ क्रमदेब सामुदायिक वनमा सो ग्याँसगन लिएर हिँडिरहेको अवस्थामा हसुलिया-८ मनाउका ३९ वर्षीय निदंग भनिने कुकरा चौधरीलाई पक्राउ गरेको हो।

मंगलबार प्रहरीले धनगढीमा बरामद गरेको ग्याँसगन र पक्राउ परेका चौधरीलाई पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो। बरामद गरिएको ग्याँसगन टीकापुर घटनामा लुटिएको प्रहरीको भनाइ छ। टीकापुरमा थरुहट/थारुवान् संघर्ष समितिले आयोजना गरेको विरोध कार्यक्रममा आन्दोलनकारीले प्रहरीलाई आक्रमण गर्दा एकजना एसएसपीसहित आठजना प्रहरी र एक नाबालकको ज्यान गएको थियो।



*प्रहरीसँग लुटेको ग्याँसगनसहित पक्राउ परेका कुकरा चौधरीलाई सार्वजनिक गर्दै प्रहरी।*

घटनामा आन्दोलनकारीले प्रहरीको साथबाट एक थान एसएलआर, एक थान पेस्तोल, एक थान मल्टिग्याँसगन र एक थान सञ्चारसेट पनि लुटेका थिए। आन्दोलनकारीले लुटेर लगेका हतियारको विशेष खोजी गर्दै आएको प्रहरीले विशेष सुराकीको आधारमा सात महिनापछि ग्याँसगन बरामद गर्नसकेको सुदूरपश्चिम प्रहरी प्रमुख डीआईजी विजयकुमार भट्टले बताए।

'पक्राउ परेका चौधरीले सो ग्याँसगन ५० हजार रुपैयाँमा मोलमोलाई गरी बिक्री गर्न हिँडेका थिए,' डीआईजी भट्टले भने, 'प्रहरीले शंका लागि उनको पिछा गरी चेकजाँच गर्दा हतियारसहित पक्राउ गर्न सफल भइयो।' बरामद गरिएको ग्याँसगन ६ राउन्ड क्षमताको रहेको र त्यस्तो ग्याँसगन नेपालमा नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग मात्र रहेको डीआईजी भट्टको भनाइ छ।

लुटिएका अन्य हतियारको पनि नजिकनजिक प्रहरी पुगिसकेको जनाइएको छ। तर, लुटेराले एसएलआर, पेस्तोल भाँचेर फालिसकेको भन्ने सूचना प्राप्त भएकाले संलग्नलाई समात्न समस्या भएको एक प्रहरीले बताए। ग्याँसगनसहित पक्राउ परेका चौधरी हतियार बिक्री गर्ने गिरोहका रहेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ। स्थानीयका अनुसार उनी पूर्वमाओवादी लडाकु हुन्।

# दलित बस्ती दियालोबाट मुक्त

**विमल हमाल/राजधानी**
मुगु, ११ फागुन



जिल्ला सदरमुकाम गमगढीबाट ६ कोस टाढा रहेको रोवा-८ बाल्चौर स्थित दलित बस्ती दियालोबाट मुक्त भएको छ। १ सय १० घरधुरी रहेको यो दलित बस्तीमा सहुलियत दरमा सौर्य ऊर्जा जडान गरिएपछि बस्ती झिलीमिली बनेको हो। विपन्नता र पैरोबाट बारम्बार पीडित बनिरहेका यहाँका सर्वसाधारणलाई जलवायु अनुकूलन कार्यक्रम लापा र स्थानीय रोवा गाविसको सहयोगमा सौर्यपाता प्रदान गरिएको हो।

जलवायु अनुकूलन कार्यक्रम लापाले बाल्चौर र माग्री गाविसमा सौर्यपाता खरिदका लागि ७ लाख र स्थानीय रोवा गाविसले ३ लाख रुपैयाँ अनुदान दिएको थियो। दलित बस्तीलाई उज्यालो पार्ने लक्ष्य लिएपछि खरिद कर्ताले खरिद गर्ने क्रममा केही सौर्यपाता नक्कली पर्न गएको भन्ने समाचार राजधानी दैनिकमा प्रकाशित भएपछि पुनः सौर्यपातालाई मर्मत र केही सौर्यपाता नयाँ खरिद गरी समुदायलाई प्रदान गरेको थियो।

जिल्ला सदरमुकाम गमगढीइमा विद्युत् पहुँच भए पनि जिल्लाका दर्जनौं बस्ती अझै अँध्यारोमा छन्।

# सीडीओ पौडेललाई सम्मान

**राजधानी संवाददाता**
बाजुरा, ११ फागुन

बाजुराका प्रमुख जिल्ला अधिकारी (सीडीओ) धनप्रसाद शर्मा पौडेललाई २४औं जिल्ला परिषद्ले सम्मान गरेको छ।

जिल्ला तहमा नीति निर्माण र समीक्षाका लागि परिषद् सबैभन्दा ठुलो निकाय हो भने परिषद्मार्फत सम्मानित हुने प्रजिअ शर्मा पौडेल पहिलो सरकारी कर्मचारी हुन्। उनलाई जिल्लाका सबै राजनीतिक दल र स्थानीयले सहयोगी कर्मचारीका रूपमा लिँदै आएका थिए। यसअघि जिल्लामा आएका कर्मचारीसँग जिल्लावासीको कहिल्यै राम्रो सम्बन्ध नबनेको स्थानीयको भनाइ छ। केही वर्षअघिदेखि यस जिल्लामा प्रजिअ, स्थानीय विकास अधिकारी, प्रहरी प्रमुखलगायत कार्यालय प्रमुखमाथि हातपात र दुर्व्यवहारका घटनासमेत हुने गरेका थिए। यस्तै, केही घटनाकै कारण मन्त्रालय तहसम्म बाजुरा कर्मचारीका लागि विकट हुनुका साथै असुरक्षित रहेको थियो। 'बाजुराले राम्रो काम गर्ने कर्मचारीलाई सम्मानसमेत गर्दछ भन्ने कुरा हालका प्रजिअलाई गरिएको सम्मानबाट समेत पुष्टि हुन्छ,' पूर्वमन्त्री एवं सांसद् कर्ण थापाले भने। सो क्रममा प्रजिअ शर्मा पौडेल सँगै जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत डा. रामकृष्ण श्रेष्ठलाई र जिल्ला विकास समितिका सेवा निवृत्त ओभर सियर चक्रबहादुर थापालाई सम्मान गरिएको छ।

## छोटकरी

### विकास निर्माणमा जुटौं : मन्त्री खरेल

**दमक/रास**– कानुन तथा संसदीय व्यवस्थामन्त्री अग्नि खरेलले स्थानीय क्षेत्र विकास निर्माणमा जुट्न आग्रह गरेका छन्। मंगलबार झापाको तोपगाछी ३ र ४ नम्बर वडामा रहेको भुत्लुङ खोलाको पुल शिलान्यासका क्रममा उनले हिजोको दिनमा राजनीतिक मुद्दा उठाए पनि अब स्थानीय क्षेत्र विकास मुख्य मुद्दा भएको बताए। पुल, बाटोघाटोलगायत संरचना निर्माणमा स्थानीयवासी, सरकार र सरोकारवालाबिच हातेमालो गरेर अघि बढ्न उनले सुझाव दिए।

भुत्लुङ खोलाको पुल निर्माण जनताले तिरेको करबाट बन्न लागेको हुँदा गुणस्तरीय पुल निर्माणका लागि खबरदारी गर्न मन्त्री खरेलले आग्रह गरे। सडक डिभिजन कार्यालय दमकका इन्जिनियर शम्भुप्रसाद आचार्यले पुल निर्माणमा २ करोड २७ लाख ५४ हजार रुपैयाँ लाग्ने बताए।

### मदार बाबा मेला तयारी पूरा

**नवलपरासी/रास**– मुस्लिम र हिन्दु समुदायको आस्थाको केन्द्र मदार बाबा मेलाको तयारी पूरा भएको छ।

वर्षौंदेखि नवलपरासीको कुडिया र रूपौलिया गाविसमा लाग्दै आएको मदार बाबा मेलाको व्यवस्थापन तथा तयारी पूरा भएको कुतबुल मदरसा कुडियाका अध्यक्ष जमालुद्दिन अन्सारीले बताए।

मेला यही १५ फागुनदेखि सञ्चालन भई दुई साताससम्म चल्नेछ। मदार बाबा कुडिया रूपौलियाको महलबारी बजारबाट करिब ९ किलोमिटर दुम्किबासको पहाडी डाँडामा छ। मदार शाह बाबाले सो ठाउँमा ४० दिन तपस्या गरेपछि सो ठाउँ पवित्र र शुद्धता प्राप्त भएको विश्वास छ। सो डाँडामा मदार बाबाको मजार रहेको हुँदा सो ठाउँमा मनोकामना लिएर पुग्ने जुनसुकै धर्मका भक्तजनको मनोकामना पूरा हुने विश्वास छ।

# विकासमा जुटे स्थानीय



**पवन अधिकारी/राजधानी**
कोसी हरैंचा (मोरङ), ११ फागुन

एक वर्षअघि नगरपालिका घोषणा भएको पूर्वी मोरङको कोसी हरैंचा नगरपालिकाले नगरको अधिकांश बाटो कालोपत्रे गर्ने अभियान सुरु गरेको छ। नगरपालिकाको यो अभियानमा स्थानीयले पनि सक्रिय सहभागिता जनाएका छन्।

बाटो फराकिलो पार्दै कालोपत्रे गर्ने अभियानमा नगरपालिका लागेसँगै नगर विकास निर्माणका लागि स्थानीय सक्रिय भएर लागेका हुन्।

गाविस हुँदा पाएको थोरै बजेटले विकासका हरेक गतिविधि गर्न अवरोध पुऱ्याएको तर अब नगरपालिका भएसँगै बजेट पनि बढेपछि स्थानीय विकास निर्माणमा तम्सिएका हुन्।

यही अनुरूप नगरपालिकाले स्थानीयको सहकार्यमा भित्री सडक पिच गर्न लागेको हो। अहिले कोसी हरैंचा नगरपालिकाले नगरको विकासका लागि दुई ओटा सडकको स्तरोन्नतिमा भइरहेको छ। मोरङको गछियाबाट हरैंचा जोड्ने भित्री बाटो स्तरोन्नतिस्वरूप सडक चौडा बनाउने काम तीव्र बनाइएको छ। रिङरोडअन्तर्गतको सो सडकलाई ४६ फिट चौडा पारिँदै छ भने साँघुरा सडकमा बनेका अधिकांश घरटहरासमेत धमाधम भत्काउन थालिएको छ।

कोसी हरैंचा नगरपालिकाका कार्यकारी अधिकृत गणेशराज कार्कीका अनुसार भित्री सडकलाई मुख्य राजमार्गसँग जोड्ने अभियान अनुरूप योजना सञ्चालन भएको हो। स्थानीयको सक्रियतामा नगर परिषद्ले निर्णय गरेबमोजिम नै काम भएकाले विकासमा जनता सहयोगी बनेको कार्कीको भनाइ छ।

रिङरोडअन्तर्गतको ११ सय ५० मिटर लम्बाइको सडकका लागि नगरपालिकाले १७ लाख रुपैयाँ बजेट छुट्याएको छ भने कुल ८१ लाख रुपैयाँ स्टमेट गरिएको योजनामा बाँकी रकम स्थानीय र अन्य स्रोतबाट जुट्ने जनाइएको छ।

त्यस्तै, लिंक रोडअन्तर्गतको २३ सय मिटर लम्बाइको रोड उच्चस्तरीय ग्राभेलका लागि नगरपालिकाको ६ लाख रुपैयाँ दिएको छ। २२ लाख रुपैयाँमा निर्माण सम्पन्न हुने सो सडकमा समेत स्थानीयको लगानी रहेको इन्जिनियर सुनिल अधिकारी बताउँछन्।

# सप्तरी कांग्रेसमा पुनः यादव

**राजविराज/रास**– जिल्ला अधिवेशन सप्तरीबाट पुनः दिनेशकुमार यादव सभापति पदमा निर्वाचित भएका छन्।

उनले ६ सय ११ मत प्रात गरेका छन्। उनका निटकतम प्रतिद्वन्द्वी संस्थापन पक्षका रामदेव साहले ५ सय ७ मत प्राप्त गरेका छन्।

यस्तै, महासमिति सदस्य पदमा अधिकांश शेरबहादुर देउवा पक्षधर उम्मेदवार निर्वाचित भएका छन्। मंगलबार बिहान मतगणना परिणाम सार्वजनिक गरिएको हो।

कुल १ हजार १ सय ८६ मतदाता रहेको जिल्ला निर्वाचनमा १ हजार १ सय ४६ मतदाता सहभागी भएका थिए। मधेसी मोर्चाको आन्दोलन र त्यसपछि पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री सुशील कोइरालाको निधनको कारण गाउँ, नगर, क्षेत्रीय र जिल्ला अधिवेशन ढिलो सम्पन्न भएको हो।

# बन्न थाले द्वन्द्वमा ध्वस्त प्रहरी चौकी

**राजेन्द्र कार्की/राजधानी**
जाजरकोट, ११ फागुन

तत्कालीन सशस्त्र द्वन्द्वको बेला माओवादीद्वारा ध्वस्त पारिएका जाजरकोटका प्रहरी चौकीका भवन निर्माण तीव्र बनेको छ। भवन निर्माण भएपछि दुर्गम गाउँमा सर्वसाधारणलाई प्रहरीसँग पहुँच विस्तार गर्न पनि सहज भएको छ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालयको लगानीमा भवन निर्माणको काम अगाडि बढेको हो। सशस्त्र द्वन्द्वको समयमा माओवादीद्वारा जाजरकोटका दुई दर्जन प्रहरी चौकी ध्वस्त पारिएका थिए। जिल्लाका २७ ओटा प्रहरी युनिटमा २२ ओटा युनिट भाडामा बस्दै आएका छन्।

'सरकारले शान्तिका लागि पुनर्निर्माण अभियान' भन्ने नारासहित जाजरकोटमा पहिलो चरणको १ करोड ६ लाख ८८ हजार रुपैयाँ लागतमा पाँचकाटिया, बडाबन र दोस्रो चरणको ७७ लाख ३१ हजार रुपैयाँ लागतमा पञ्चाला दहको भवन निर्माण भएको छ। तेस्रो चरणको ७८ लाख ७४ हजार रुपैयाँ लागतमा दल्ली इलाका प्रहरी कार्यालय भवन निर्माणको चरणमा छ।



*इलाका प्रहरी कार्यालय ढिमे पाँचकाटियाको नवनिर्मित भवन।*

जिल्लाका रग्दा, रिम्ना, सेपुखोला, रामीडाँडा, पैंक, गर्खाकोट, अर्छानी, सीमा, जगतीपुरलगायत भवन नहुँदा भाडामा बस्दै आएका छन्। जिल्ला प्रहरी कार्यालयबाहेक अन्य भवन ध्वस्त पारिएका थिए। भवन अभावमा प्रहरीले भाडामा र स्थानीयको सहयोगमा कार्यालय सञ्चालन गर्दै आएको प्रहरी नायब उपरीक्षक दानबहादुर मल्लले बताए। बाँकी रहेका भवन निर्माणको लागि विभागमा माग गरिएको मल्लले बताए। मध्यपश्चिमका १५ जिल्लामा ध्वस्त भएका २ सय २४ प्रहरी संरचनामध्ये १ सय २१ ओटा भवन निर्माण हुन नसकेको प्रहरीले जनाएको छ।


**Government of Nepal**
**Ministry of Federal Affairs and Local Development**
**Office of the District Development Committee**
**Inaruwa, Sunsari**

***Invitation for Bid***

**for the Construction of Motorable RCC Multicell Box Culvert over Shera Khola on the Panipiya-Devisthan-Taltalaiya-Itahari Road**

Contract Identification No: **DDC/Sunsari/Bridge/NCB/002/072/73**

**Date of Publication: 24th February, 2016**

1. The Government of Nepal *[GoN]* has allocated funds from GoN towards the cost of *Local Road Bridge Programme* and intends to apply part of the funds to cover eligible payments under the Contract for Motorable RCC Multicell Box Culvert over Shera Khola on the Panipiya-Devisthan-Taltalaiya-Itahari Road . Bidding is open to all eligible Nepalese Bidders
2. The Ministry of Federal Affairs and Local Development, Office of the District Development Committee, Sunsari invites sealed bids or electronic bids from eligible bidders for the construction of RCC ,earthwork, gabion works, stone masonry work, river protection works etc of under National Competitive Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   **Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs 4, 00, 00,000.00**

   **Minimum Work Experience of similar size and nature: at least one proposed similar multicell box culvert project having minimum project cost of NRs 2, 14, 00,000.00**
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of: Ministry of Federal Affairs and Local Development, Office of the District Development submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: **Rastriya Banijya Bank, Inaruwa,Sunsari**

   Name of Office: **Office of The District Development Committee, Sunsari**

   **Office Code No. : 09-365-01**

   Office Account No.: **2220303003301**

   Rajaswa (revenue) Shirshak no. : **2220304033302**
4. A complete set of Bidding Documents may be purchased from the office:

   Ministry of Federal Affairs and Local Development, Office of the District Development Committee , Sunsari by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **NRs 3,000 (Three thousand) till 24th March 2016**. If so requested, the Bidding Documents can also be sent by post/courier services upon payment of additional cost of NRs.*1,000 (one thousand)*.However, the Employer will not be responsible for delay or non-delivery of the documents so sent.

   Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from **PPMO's Web Site**www.bolpatra.gov.np. Bidders, Identification No:DDC/ Sunsari/ Bridge / NCB/002/072/73. Bidding is open to all eligible Nepalese Bidders.
5. Pre-bid meeting shall be held at **District Technical Office, Inaruwa, Sunsari at 12:00 hrs on 11th March 2016**. Detail Information about submission process of bid electronically (e-submission) shall be provided to all interested bidders who choose to attend this pre-bid meeting.
6. Sealed or electronic bids must be submitted to the office of Ministry of Federal Affairs and Local Development, Office of District Development Committee, Sunsari, Inaruwa Sunsari by hand/courier of through PPMO website www.bolpatra.gov.np. on or before **12:00 hrs on 25th March 2016**. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hrs on 25th March 2016** at the office of Ministry of Federal Affairs and Local Development, Office of District Development Committee, Sunsari Inaruwa Sunsari. Bids must be valid for a period of 90 (ninety) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs 6,67,000.00** which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Any intimidation, collusion and cartelling during bidding process shall be punishable by law.

**District Development Committee**
**Sunsari**

सम्पादकीय

# संविधान कार्यान्वयनमा गम्भीर बन

मुलुकले नयाँ संविधान पाएको साढे पाँच महिना बितेको छ। यसबिच संविधान जारी नहुँदै सुरु भएको मधेस आन्दोलन उत्कर्षमा पुगेर सेलाएको छ भने संविधान जारी भएपछि बिग्रिएको नेपाल–भारत सम्बन्ध सुधारका लागि प्रधानमन्त्री भारत भ्रमणमा छन्। संविधान जारी भएपछि लामो समयदेखि कायम आन्तरिक राजनीतिक द्वन्द्व समाप्त भई शान्ति प्रक्रियाले पूर्णता पाउने आस गरियो। शान्ति प्रक्रियाले पूर्णता त पायो तर जनताले भने खोजेजस्तो र सोचेजस्तो शान्ति अनुभव गर्न पाएनन्। कारण एउटै छ, संविधानमा मधेसकेन्द्रित राजनीतिक दलहरूको असन्तुष्टि र त्यसको जगमा भएका आन्दोलन। पछिला दिनमा संविधानको पहिलो संशोधनले ती असन्तुष्टि धेरै हदमा सम्बोधन गऱ्यो। तर, संविधान कार्यान्वयनमा भने सरोकारवाला पक्ष गम्भीर बनेनन्। संविधान प्रचार र कार्यान्वयनमा गम्भीरता नदेखिँदा राजनीतिक असन्तुष्टि मात्र होइन, मुलुकका सबैजस्तो अंग र निकाय बिस्तारै प्रभावित बन्दै छन्।

संविधान जारी भएपछि सरकारले स्थानीय विकास मन्त्रालयमार्फत तामझामका साथ संविधान शिक्षा अभियान चलायो। उपप्रधानमन्त्रीले उद्घाटन गरेर विभिन्न जिल्ला र गाउँमा संविधान प्रचार गर्ने भनियो। सोहीअनुसार बजेट पनि खर्च भएको देखिन्छ। तर, कार्यक्रम कहाँ भयो, कसले गऱ्यो, कति जनाले संविधान बुझे भन्ने विषय अझै अस्पष्ट छ। बजेट र तामझामअनुसारको प्रतिफल नपाएपछि जनताले संविधान बुझ्ने कुरै उठ्दैन। संविधानमा के छ भनेर एकातिर जनता अज्ञात रहने अर्कातर्फ कार्यान्वयन गर्ने पक्षले कार्यान्वयनमै बेवास्ता गर्ने जस्ता कारण संविधान जारीपछिका जनअपेक्षा पूरा हुन नसकेका हुन्। लाज मर्नु विषय जसले संविधान बनायो उसैले कार्यान्वयनमा गम्भीरता नदेखाउँदा अपेक्षा बिस्तारै निराशाको बाटोमा देखिन्छ।

संविधानमा उल्लेख भएका प्रावधानलाई आफूअनुकूल व्याख्या गर्ने राजनीतक दलको पुरानो रोग हो। यसमा पछिल्लो समय संसद् मुछिएको छ। नयाँ संविधानअनुसार बन्नुपर्ने संसद् नियमावलीमा सांसद्हरू नमिल्दा संविधान कार्यान्वयन ठप्प छ। संसदीय सुनुवाइ समिति निर्माणका क्रममा संसद्ले देखाएको रबैयाले न्यायालय मात्र होइन, संवैधानिक अंगहरू पनि प्रभावित छन्। लोकसेवा आयोगजस्तो महत्त्वपूर्ण अंगका प्रमुख संसद्ले संविधान कार्यान्वयन मा देखाएको उदासीनताका कारण रिक्त छन्। सुनवाइसम्बन्धी संविधानले भनेबमोजिम तत्काल व्यवस्था संसद्बाटै हुने हो। तर, ऊ त्यसमा मौन छ। सरकार पनि कतिपय सन्दर्भमा संविधान कार्यान्वयनमा मौन छ भने सनुवाइ समितिमा संसद्ले अड्काएको हलोमा रमिते बनेर बसेको छ। जिम्मेवार निकायबाट संविधानमा लेखिएका कुरा कार्यान्वयनमा यो वा त्यो बहानामा अल्झाउन मिल्दैन। कार्यान्वयनमा ढिलाइ गर्नु भनेको संविधान नमान्नु हो। जनताले संविधान र कानुनका प्रावधान थाहा नपाएरै गल्ती गर्दा पनि कारबाहीको भागीदार बन्नुपर्छ भने सरकार र संसद्ले कार्यान्वयनमा गरेको आलटाललाई सोही दृष्टिकोणबाट व्यवहार हुनुपर्छ। त्यसबेला मात्र संविधान, विधिको शासन र मानवअधिकारको पूर्ण पालना हुनेछ।

# जनताको आँसुले पोल्नेछ



■ डा. पुरुषोत्तम मरहट्ठा



**व्यक्तिलाई प्रभावहीन बनाउने प्रक्रिया सुरु भए त्यो प्रजातन्त्रका लागि खतरनाक सावित हुन्छ। यो समय भनेको सुधारवादी क्रियाकलाप बढ्न लागेको अवस्था हो। यस अवस्थामा राज्यले सबै विचार आउन दिनुपर्छ। अल्पमतमा रहेको व्यक्तिको स्वतन्त्रता संरक्षण गर्न राज्य तयार हुनुपर्छ। सरकार जतिजति शक्ति बढाउँछ, व्यक्तिको स्वतन्त्रता उस्तैगरी अपहरण हुँदै जान्छ।**

संसारका हरेक व्यक्तिले आफूलाई आनन्दमय र सुखमय बनाउन खोजिरहेका हुन्छन्। तर, खोजेअनुसारको सुख र आनन्द मिल्ने भए यो संसार अर्कै हुने थियो। बेलायती दार्शनिक जेरिमी बेन्थामले उपयोगितावादी दर्शनलाई उग्रवादीविरुद्ध प्रयोग गरेका थिए। यसमा उनले प्रजातान्त्रिक संस्थाहरूको संस्थागत विकासमा जोड दिए। अधिकतम व्यक्तिहरूका लागि अधिकतम सुख सभ्य विश्वमा व्यापक बनेको पाइन्छ। यही आधारमा बेन्थमले सुखवादी सिद्धान्त प्रतिपादन गरे। तर, सबैले अधिकतम सुख प्राप्ति गर्न सफल भएका छैनन्। सुखमयको कामना गर्दैमा सुख प्राप्ति नहुने रहेछ। १७ हजार मानिस मर्दा माओवादीले के सबै नेपालीलाई गरिबीबाट मुक्ति दिलायो त ? उल्टो यसले आफ्ना कार्यकर्तालाई विलासी बनायो। तिनका कारणले पीडित जनता भने फेरि यस्तो कहिल्यै नहोस् भन्दै सत्य निरूपण तथा मिलमिलाप आयोगबाट निष्पक्ष न्यायको आशा गरिरहेका छन्।

जनयुद्धको समयमा जघन्य अपराध गर्नेहरूलाई रोम विधानअनुसारको कारबाही हुनुपर्नेमा कसैको दुई मत छैन। खराब क्रियाको कारण अहिले धेरैले ठुलो दुःख सहनुपरेको छ। तसर्थ, यस्तो दुःख पुग्ने कार्यले कसैलाई पनि आनन्द नमिल्ने रहेछ। व्यक्तिले राज्यको विधि र परम्परा मान्दामान्दै पनि बित्थामा ज्यान गुमाउनुपर्दा राज्यमा कानुन र कानुनी शासन नमान्ने परिपाटीको विकास नहोला भन्न सकिन्न। हरेक व्यक्तिले सुखमय जीवनको कामना गरिरहँदा फेरि पनि कसैले अबका दिनमा व्यर्थमा ज्यान गुमाउन नपरोस्। पटकपटक हतियार उठाइरहन नपरोस्। त्यसैले अबका दिनमा सुखलाई आनन्द र दुःखलाई खराबको रूपमा हेर्न सक्यौं भने अधिकतम व्यक्तिको लागि अधिकतम सुख यसै संविधानबाट नेपालीले प्राप्त गर्न सक्छन्। स्वतन्त्रताबाट मात्र सुख पाउने भए ०६२/६३ को जनआन्दोलन र यसअघिको पटक पटकको आन्दोलनबाट किन नेपाली जनताको मुहारमा परिवर्तन आएन ? त्यसैले, सुखको अगाडि स्वतन्त्रता केही होइन। यो संविधानबाट धेरै भन्दा धेरै जनतालाई सुख पुऱ्याउने गरी कानुनको निर्माण गर्न सक्यौं भने उग्रराष्ट्रवादको नारा चर्को दिएर नेपालले छिमेकी राष्ट्रको पक्ष र विपक्षमा कुनै कार्ड खेलिरहन पर्दैन। राजनीतिक पार्टीभित्र पनि गुट र उपगुट बोकेर कसैले कसैको पक्ष र विपक्षमा उभिनुपर्ने आवश्यकता रहने थिएन। यसको अर्थ दलभित्र विरोधी विचार आउनै हुन्न भन्ने होइन, आउनुपर्छ। तर, वादविवाद र संवादको माध्यमबाट त्यसको किनारा लगाइनुपर्दछ। विचारलाई दबाउने काम भने गर्नु हुँदैन।

बढ्दो रूपान्तरित व्यवस्थापिकाको हस्तक्षेपले यो समय व्यक्तिको स्वतन्त्रता समाप्त गर्न सक्छ। व्यक्तिलाई प्रभावहीन बनाउने प्रक्रिया सुरु भए त्यो प्रजातन्त्रका लागि खतरनाक सावित हुन्छ। यो समय भनेको सुधारवादी क्रियाकलाप बढ्न लागेको अवस्था हो। यस अवस्थामा राज्यले सबै विचार आउन दिनुपर्छ। अल्पमतमा रहेको व्यक्तिको स्वतन्त्रता संरक्षण गर्न राज्य तयार हुनुपर्छ। सरकार जतिजति शक्ति बढाउँछ, व्यक्तिको स्वतन्त्रता उस्तैगरी अपहरण हुँदै जान्छ। सरकारको बढ्दो हस्तक्षेपबाट नागरिकको स्वतन्त्रता अप्ठेरोमा पर्दै जाने भएकाले ९९ व्यक्ति एकातिर र बाँकी एक व्यक्ति अर्कोतिर हुन्छ भने त्यो एक व्यक्तिको आवाजलाई समेत राज्यले कदर गर्नुपर्ने अहिलेको आवश्यकता हो। राम्राराम्रा कानुनको आडमा व्यक्तिको स्वतन्त्रता बिस्तारै बिस्तारै राज्यले बन्देज लगाउन थाल्यो भने त्यस अवस्थामा के भन्ने ? संविधान निर्माणपछि ऐनकानुन बनाउन जिम्मा पाएका सांसद्ले सत्य मात्र होइन, असत्य र भ्रामक विचारलाई दुधको दुध, पानीको पानी गरी छुट्याउन सक्नुपर्छ। गुट विशेषका नेता दलभित्र रहेसम्म तिनले अल्पमतमा रहेकाको अधिकार संरक्षण गर्न सक्दैनन्। किनकि, तिनीहरू बहुमतबाट विजयी भएका छन्। तिनले जस्तो नीति पनि अख्तियार गर्न सक्दछन्। त्यसैले सुखलाई नै मानव व्यवहारको अन्तिम लक्ष्य अबका दिनमा नेपालले अँगाल्नुपर्दछ।

त्यसैले, राज्यको हस्तक्षेप समाप्त पार्न उपयोगितावादी दार्शनिक जोन स्टुआर्ट मिलले व्यक्तिको विचार दबाउनु हुन्न, सन्काहालाई समेत विचारको स्वतन्त्रता छ भन्ने मान्यता दिएको अवस्थामा सबै मिलेर पनि एउटाको आवाजलाई दबाउन मिल्दैन भनेकाले हालका दिनमा बढ्दै गएको सरकारको हस्तक्षेपले कतै नागरिक स्वतन्त्रतामा हस्तक्षेप हुन खोजेको त छैन ? लामो समय भयो सरकारको आपूर्ति व्यवस्थाको गडबडीबाट जनताले ठुलो पीडा खेपिरहेका छन्। यसैलाई आधार मानेर नेपालका जनप्रतिनिधि प्रजातन्त्र चलाउन सक्षम छैनन् भन्ने देखाउन खोजिएको छ। नेपालका परम्परागत शक्ति कम्बर कसेर संविधानलाई असफल देखाउन विदेशी सहयोग लिएर लागिरहेका त छैनन् ? खबरदारी अहिलेको आवश्यकता हो।

पार्टी कमजोर बन्दा नेपाली जनताले संगठित रूपमा दलको झण्डामुनि निरंकुशताविरुद्ध आवाज उठाइसकेको ऐतिहासिक तवरले पुष्टि भइसकेको छ। तर, जनता कमजोर बन्दा पार्टी बलियो बनेर ढाल बन्नुपर्ने अवस्थामा सत्ताको फोहोरी खेलमा शक्तिका लागि तिनले आफ्नो ऊर्जा क्षय गरेको देख्दा हालका दिनमा जनता पार्टीप्रति गौरव मान्न तयार हुनुपर्ने हो, तर आपद्को समयमा बोल्न नसक्ने लाछी देखेर जनता कुँडिएका छन्। नेपालका राजनीतिक दलले आन्दोलनको अवस्थामा सहमति, सहकार्य, एकता र मिलमिलाप देखाए पनि आन्दोलनपछिका दिनमा भने फेरि षड्यन्त्र र अविश्वासले चलेको छ। तिनले आफ्नै दलभित्र गुट र उपगुट सृजना गरेर जग हँसाइ गरेका छन्। शासन व्यवस्था कहिल्यै आफ्नो समयको गतिअनुसार चल्न पाएको देखिन्न। तिनको समय व्यर्थको अवधि बन्न पुगेको छ। जनता संकटमा पर्दा दलहरूले कहिल्यै नेपाली जनतालाई सुख बाँड्न सकेनन्। गुट र उपगुटमा विभाजनले दलभित्र बहुसंख्यकले अल्पसंख्यकलाई आतंकित बनाउन खोज्दै छन्। लोकतन्त्रमा प्रतिस्पर्धा हुन्छ। तर, त्यो प्रतिस्पर्धा प्रतिस्पर्धी दलहरूसँग हुने हो, तर तिनले आफ्नै सहकर्मीको हुर्मत लिन खोज्दै छन्।

१० वर्षसम्म सशस्त्र विद्रोह गर्दा प्राप्त गर्न नसकेको उपलब्धिलाई सात दलको प्रयासबाट हिंसात्मक राजनीतिक मार्गमा हिँडेको राजनीतिक दललाई बहुदलीय प्रतिस्पर्धामा ल्याएर एमालेले पाएको सिटभन्दा बढी दिएर भित्र्याइसक्दा पनि खेलको नियममा बस्दिनँ भन्नेलाई झेली खेलाडी मानिन्छ। माओवादी समस्याको नाममा सधैं प्रधानमन्त्री बन्न खोज्नु तर मुलुकलाई निकास दिन नखोज्नु, त्यो झन् ठुलो राजनीतिक बेइमानी ठहरिन्छ। लामो समय मुलुकले गति लिन नसक्नुमा दलहरूले राजनीतिलाई मात्र केन्द्रमा राखे, आर्थिक एजेन्डा तिनको ध्यानमा पर्न सकेन। जनता भने सरकार छिटोछिटो यो एजेन्डामा प्रवेश गरोस् भन्ने चाहन्छन्। सांसद् सदस्यले लिने वेतनको विरोध गर्ने दार्शनिक मिलझैं नेपाली जनताले तिनको सेवासुविधामा कुनै विरोध गरेका छैनन्। तर, जनताको मर्कामा तिनको ध्यान नपुगेकाले अबका दिनमा नुनको सोझो नेपाल र नेपालीप्रति देखाउन सकेमा जनता स्वाभिमानका साथ गर्वले शिरमाथि उठाउने थिए। मधेसवादी दलले नेपाली जनतालाई नै नाकाबन्दी गरिदिएर विश्वसामु शिर निहुऱ्याउने काम हुनपुग्यो। संविधानसभाबाट निर्मित हालको संविधानलाई मधेसवादी दलले कागजको खोस्टो सावित गराउन खोजिरहेका छन्। वर्तमान अवस्थामा उसलाई यति बोल्ने अधिकार यही संविधानले दिएको यथार्थलाई नेपालका राजनीतिक दलहरूले अहिलेसम्म किन सम्झाउन सकेनन् ?

राजनीतिक दलहरूमा हिजोआज विरोधी विचारहरू सुन्नै नहुने रोग देखिएको छ। संविधान कार्यान्वयन गर्नुपर्ने अहिलेको अवस्थामा दलहरूबिच सहमति बन्न सकेन भने कतिपय ऐनकानुन बन्न नसक्ने देखिन्छ। यस्तो अवस्थामा राष्ट्रिय सरकारलाई पनि नकार्न सकिन्न। प्रतिपक्षविना राष्ट्रिय सहमतिको सरकारको केही समय कल्पना गरियो भने राज्यको पुनः संरचनादेखि लिएर संघ, प्रदेश र स्थानीयको स्थिति बसाल्न सजिलो हुने थियो। दलभित्रका अगुवाले आफूबाहेक अरूलाई आउनै नसक्ने गरी बाटो छेक्ने काम अबका दिनमा नगर्ने हो भने नेपालका राजनीतिक दलहरूले अधिकतम व्यक्तिको लागि अधिकतम सुख दिन सक्ने थिए, अन्यथा नेपालका राजनीतिक दलहरू सर्पको मुखभित्र छिरिसकेको त्यस्तो भ्यागुता देखिन्छन्, जसले आफ्नो अन्तिम अवस्थामा समेत मुख वरिपरि आएको किराफट्यांग्रा नछोडेर बाँच्ने चेष्टा गरेझैं देखिनेछ। अधिकतम व्यक्तिलाई सुख दिलाउनुपर्नेमा दलहरूले छटपटी मात्र दिलाए भनेर नेपाली जनताले चुहाएको आँसुले कालान्तरमा कसलाई पोल्छ ? त्यो बलवान् समयले हिसाबकिताब राख्ने नै छ।

# ‘स्कुलिङ’ बिग्रिएको राजनीति



■ महेश बराल



**जब व्यक्तिको प्रतिभाभन्दा गतिलो गरी भनसुन र चाकरीले फाइदा उठाउँछ भने, जब कलेजमै सानातिना कुराहरूमा भागबन्डा सुरु हुन्छ भने सम्झिनै पर्ने कुरा यही छ, त्यहाँको स्कुलिङ खराब छ भन्ने बुझ्नुपर्छ।**

केही समयअघि एक विद्यार्थी नेताले फोनमा कसैसँग गफ गर्दै गरेको सुनें। उनी भन्दै थिए, ‘५० हजार हाम्लाई बस्छ भने काम हुन्छ भन्दे।’ फोनमा अर्कोपट्टिको मान्छे के बोल्दैथ्यो थाहा भएन, तर सो विद्यार्थी नेता दलालीको मुडमा बिलकुलै देखिन्थेन। लामो कुरा नगरिकनै ऊ कुरो टुंग्याउनै हतारियो। अन्ततः सायद ५० हजारमै कुरा मिल्यो क्यार, साथी फोन राख्दै मतिर फर्केर मुस्कुराएथ्यो फिस्स...।

**– सन्दर्भ इन्जिनियरिङ भर्ना कार्यक्रम**

केही सालपहिला एउटा साथीले राजनीतिक बलमा सरकारी नियुक्ति पाएथ्यो। केही सालपहिला एउटा साथी राजनीतिक सिफारिसमा छात्रवृत्ति पाएर अस्ट्रेलिया पढ्न गयो। केही सालपहिला मात्रै आवाराजस्तो घुमिहिँड्ने एक मित्र आजकल पैसा र पावरको धाक लगाउँछ। अरू त के पंक्तिकार स्वयं पनि केही सालअघिसम्म राजनीतिक सिफारिसमा गरिबको छात्रवृत्तिमा स्नातक पढ्दै थियो, विर्तामोडको एक निजी कलेजमा। अहिले सम्झिँदा पनि कहालीजस्तो लाग्छ।

बहस यतै कतैबाट सुरु हुन्छ। राजनीतिले मानिसलाई के दिन्छ त ? पैसा ? पावर ? सम्मान र इज्जत ? अझ विद्यार्थीलाई के दिन्छ ? धाक ? रवाफ ? अझ मूल विषय, वास्तवमा राजनीति के हो ? पेसा या सेवा ? राजनीतिको व्याख्या गर्ने यही घनचक्करमा कसैले यसलाई विशुद्ध पेसा बनाएका उदाहरण पनि छन्। सेवाको नाममा मेवा लुछिरहेकाहरू पनि छन्। आफ्नो बदनाम छविलाई राजनीतिक रंग पोतेर चम्किएरै हिँडिरहेका पनि छन्। निःस्वार्थ कामको प्रचार गर्दै बदमास नियत बोकेकाहरू पनि छन्। हामीले हाम्रै देशको सन्दर्भलाई हेर्ने हो भने त त्यस्ता उदाहरण आफ्नै आसपासमा पनि फेला पार्न सक्छौं। अनि झनै गहिरिएर विश्लेषण गर्ने हो भने त्यो गुण हामी आफैंमा पनि फेला पार्न सक्छौं। हो, हाम्रो राजनीतिको ‘स्कुलिङ’ बिग्रिएकै छ।

जब एउटा कलेज पढ्दै गरेको विद्यार्थीको दिमागमा पैसाको भूत चढ्छ, जब एउटा विद्यार्थीलाई राजनीतिक आडमै छात्रवृत्ति मिल्छ, जब कसैले राजनीतिक पहुँचकै आधारमा आरक्षण पाउँछ र जब एउटा किशोर मस्तिष्कमै शक्तिको नशा चढ्छ भने हाम्रो राजनीतिक स्कुलिङले के दिइरहेको छ भन्ने प्रश्न त उठ्छ नै अनि जब व्यक्तिको प्रतिभाभन्दा गतिलो गरी भनसुन र चाकरीले फाइदा उठाउँछ भने, जब कलेजमै सानातिना कुराहरूमा भागबन्डा सुरु हुन्छ भने सम्झिनै पर्ने कुरा यही छ, त्यहाँको स्कुलिङ खराब छ भन्ने बुझ्नुपर्छ। राजनीतिको फोहोरी चलखेलले देशका होनाहार मस्तिष्कहरू ध्वस्त बनाउँदै लगिरहेको छ। अथवा यसो भनौं त्यस्ता कुनै पनि विद्यालय, कलेज या त विश्वविद्यालयका जनशक्ति काम लाग्ने निस्केलान् त ? योग्य निस्केलान् त ? राजनीतिले झिलिक्क पारेको जनशक्तिले देशलाई कहिल्यै उँभो लगाउन सक्दैन।

देशका ठुला अथवा माउ पार्टी भनाउँदाहरूकै अवस्था लम्पट छ यहाँ। यस्तो लम्पटपन सत्ताको होस् या सम्पत्तिको तर लम्पटपन छ। पद र प्रतिष्ठाको लडाइँमा लाज पचाएर मैदानमा उत्रिन कसैलाई कुनै आइतबार छैन। सारा देशले थाहा पाएको कुरा हो यो। वर्षौंको यो लम्बेतान लुछाचुँडी र निर्लज्ज राजनीतिक खेलमा धेरैले आफ्नो सिंगो जीवन बिताइसकेका छन्। अझै कति बिताइ नै रहेछन्। नेतृत्व पंक्तिमा उभिएकाहरू हुन् या दोस्रो या तेस्रो वरीयतामा खुम्चिएकाहरू, सबैमा एकै किसिमको लोभ छ। एकै किसिमको दाउ छ। त्यही लोभ अनि दाउ चौथो, पाँचौं या छैठौं या त्योभन्दा अझ तलतल सरेर गाउँस्तरसम्मै छ। त्यो एकाइएकाइमा झरेको छ। गाउँ, नगर अनि कलेजसम्मलाई त्यसले अछुतो छाडेको छैन। अनि त्यही सिको उस्तै तवरमा विद्यालय र कलेजहरूभित्र पनि घुसेको छ, घुसाइएको छ।

अब त्यो उत्पादन कस्तो होला ? त्यो कलेजको उत्पादन कस्तो होला ? सुरुआती दिनहरूमै जालसाझ, सत्तामोह, कपट, पैसाको लालचजस्ता कुरा एउटा कच्चा दिमागमा घुसाइन्छ भने त्यसको भविष्य पक्कै पनि राम्रो हुँदैन। त्यहाँका स्थानीय नेताले प्रयोग गर्दागर्दै त्यो उत्पादन पनि अन्ततः उस्तै ‘कार्बन कपी’ भएर निस्किन्छ। यो निश्चित छ। जसरी हिजोको राजनीति चलेको थियो, जसरी आजको राजनीति चलेको छ, ठिक त्यसैगरी अबको राजनीति पनि उही रेखामा रहनेछ। भविष्य उस्तै नै रहनेछ, जस्तो हिजो थियो, जस्तो आज छ। भावी पुस्ता पनि त्यस्तै नै निस्किनेछ, जस्तो आज चलिरहेको छ। अब आशा गर्ने ठाउँ के रह्यो र सही नेतृत्वको ?

शिक्षालयहरूमा राजनीति गर्न दिनु कति जायज छ त उसो भए ? के विद्यार्थी राजनीतिलाई महत्त्व दिनु उचित छ त ? हो, राजनीतिको पनि आ-आफ्नै सिद्धान्त या तौरतरिका होलान्। राजनीतिमा पनि ठिक बेठिक होलान्। राम्रा नराम्रा होलान्। उचित अनुचित होलान्। पेसा, संगठन या काम बिगार्ने मान्छेले नै हो। खराब उद्देश्य राखेर नखोलिएको संगठनबाहेक हरेकका आ-आफ्नै राम्रा र नराम्रा पक्ष हुन्छन्। राजनीतिले पनि त्यही राम्रा पक्षहरूको मात्रै अभ्यास गर्दा अनुचित होला र ? कलेजमा यही कुरा सिकाउँदा/बताउँदा के बिग्रिन्छ ? गुट-उपगुट या पक्ष र प्रतिपक्षभन्दा पनि पर्तिर रहेर सहकार्यको शिक्षा दिँदा गलत होला र ? कलेज या विश्वविद्यालय भनेको सिक्ने ठाउँ हो। चाहे पुस्तकीय ज्ञान होस् या पुस्तकभन्दा बाहिरको संसारको ज्ञान। विद्यार्थीले हरेक किसिमका ज्ञान आर्जन गर्न पाउनुपर्छ। तर, त्यसमा इमानदारी अनि निःस्वार्थ भाव हुनुपर्छ। हामीमा तिनै कुराको कमी छ।

राजनीति या कुनै पनि राजनीतिक दलका स्थानीय कमान्ड सम्हालेका कमान्डरले पनि यो बुझ्न जरुरी छ, जसको रेखदेख या प्रशिक्षणमा हजारौं जनशक्ति राजनीतिको खेल मैदानमा उत्रिन्छन्। तिनीहरूद्वारा दीक्षित कति युवा सक्षम छन् त ? कति इमानदार छन् त ? कति जनामा नैतिकता छ त ? यदि आजको परिप्रेक्ष्यलाई विचार गर्ने हो भने समग्र विद्यार्थी उत्पादनको १० प्रतिशत पनि नैतिक उत्पादन छैन भने हुन्छ। अधिकांशमा केही खोट जरुर छ र नभएकाहरूलाई पनि खोट लगाइन्छ।

आखिर कहिले सुध्रिने त हामी ? भोलिको नेतृत्व आजै यसरी बिग्रिँदा देश झन् कस्तो बन्ला ? सही मान्छे पाखा लगाएर खराबलाई हालिमुहाली गर्न दिँदा त्यसको परिणाम कस्तो आउला झन् ? उही टालटुले प्रवृत्ति, उही भ्रष्ट सोच, उही सत्तामोह, उही पैसाको लोभ, उही जालसाँझ, उही ताल अनि उस्तै नै नेतृत्व सधैं। उही लामालामा भाषण अनि छारो हाल्ने काम। उही भनाइ एउटा, गराइ अर्को। उही मार्गदर्शक, उस्तै ज्ञान। फरक केही छैन आज पनि, जस्तो हिजो थियो, उस्तै छ। जसरी आजको सत्ता चलेको छ, उसरी नै आजको राजनीति चलेको छ। अबको दिनमा पनि उसै गरी नै चलिरहनेछ। यो यथार्थ हो। नेपाली राजनीतिक इतिहासमै कहिल्यै गतिलो ‘स्कुलिङ’ हुन सकेन।

# असमझदारी हटे पनि संशय बाँकी नै



■ रत्न प्रजापति

**भारतीय समकक्षीको चिप्ला कुरामा मक्ख परेर फर्किए भने ओलीले आमनेपाली जनताको आशा र भरोसालाई लत्याएको मानिनेछ र उनले पनि उही पुरानो दास परम्परालाई मात्रै निर्वाह गरेको मानिनेछ। त्यसैले प्रधानमन्त्रीले भने झैँ असमझदारी हटे पनि संशय भने बाँकी नै छ।**

प्रधानमन्त्री केपी शर्मा ओलीको भारतमा भइरहेको राजकीय भ्रमणसँगै नेपाल-भारत सम्बन्धमा विद्यमान अँध्यारो पक्षमा केही उज्यालो देखिए पनि पुरै कुहिरो भने हटिसकेको छैन । भारतले दिएको ८० मेगावाट विद्युत्को उज्यालोले द्विदेशीय सम्बन्धमा देखिएको अँध्यारो पुरै हटिसकेको ठान्ने हो भने फेरि अर्को भुल हुनेछ। लोडसेडिङले हायलकायल भएको अवस्थामा भारतले दिएको ८० मेगावाट विद्युत्को उज्यालोमा तिलमिलाएर सबै समस्या समाधान भएको भ्रम पाल्ने हो भने विगतकै नियति फेरि दोहोरिएर पुरानै कठिन अवस्था भोग्न फेरि बाध्य हुनुपर्नेछ। विगतलाई सम्झिने हो भने भारत यति छिट्टै विश्वास गर्न र यति धेरै विश्वास गर्नलायक पनि छैन । तापनि, हाम्रो बाध्यता छ, हामीलाई उसलाई विश्वास नगरी सुख छैन र उसको सहयोग पनि नभई हुँदैन ।

भारतले रातो कार्पेट ओछ्याएर ‘भव्य स्वागत’ गर्नासाथ प्रधानमन्त्री ओलीको बोली बदलियो । हिजोसम्म भारतले नाकाबन्दी नहटाएसम्म भारत भ्रमणमा जान्नँ भनेर अड्डी कस्ने ओलीले मोदीसँग हात मिलाउनासाथ त्यो नाकाबन्दीलाई नाकाबन्दी पनि भन्न नसकेर ‘केही महिनायता दुई देशबिच देखिएको असझमदारी’ मात्रै भन्न सके । हिजोसम्म गोमन सापले झैं भारतविरुद्ध हुँकार गर्ने ओली मोदीले छुनेबित्तिकै सायद गरुडको छायामा परेको सर्पजस्तै लल्याकलुलुक हुन पुगे । आफूप्रति गरिएको सम्मानबाट खुसीले गद्गद् हुँदै रातो गाला झन् रातो पार्दै उनले नेपाल-भारतबिच चिसिएको सम्बन्ध सुध्रिएको घोषणा गरे । प्रधानमन्त्रीको कुर्सीमा बस्नासाथ परम्परालाई निरन्तरता दिँदै भारतबाटै पहिलो औपचारिक विदेश भ्रमण थालेर आफूलाई प्रधानमन्त्री भएको अनुमोदन गराउन लालायित केपी ओलीलाई मधेस आन्दोलन र त्यसपछिको भारतीय नाकाबन्दी बाधा बनेको थियो। उनले जतिसुकै राष्ट्रवादको भाषण छाँटे पनि उनीभित्र पनि भारतभक्तको सरुवा गुण त बाँकी नै थियो । त्यसैलाई प्रदर्शन गर्न र भारतबाट आशीर्वाद थाप्न हतारिएका ओलीलाई अघोषित रूपमा नाका खुल्नासाथ भ्रमणको तातो लागिहाल्यो । सके फुर्क्याएर र नसके घुर्क्याएरै भए पनि आफूप्रति सकारात्मक बन्न भारतलाई बाध्य पार्न ओली केही हदसम्म सफल पनि भएकै हुन् । चीनसँगको निकटता देखाएर भारतलाई गलाउने ओलीको रणनीति पनि आंशिक सफल भएकै छ ।

‘मेरो भ्रमणको मुख्य उद्देश्य केही महिनायता दुई देशबिच देखिएको असमझदारी अन्त्य गर्नु थियो, जुन अब अन्त्य भएको छ’ भनेर प्रधानमन्त्री ओलीले भनेका छन् । भ्रमणका बेला प्रधानमन्त्रीलाई ‘भव्य’ स्वागत गर्नुको अर्थ विगतको असमझदारी अन्त्य भयो भन्ने हो ? यस्तो स्वागत त विगतमा पनि सबै उच्चस्तरीय भ्रमणमा हुने गरेकै थियो । तर, असमझदारी त रहँदै आएकै छ । अब मात्रै सबै समझदारीको अन्त्य भयो भनेर अहिले नै कसरी भन्न सकिन्छ ? यसो त धोका दिनु भारतको सदाबहार विशेषता नै हो । भारतले गरेको भव्य स्वागतबाट ओलीले आफूखुसी भएको बताएका छन्। तर, ओली खुसी भएर मात्रै हुँदैन, उनको यो राजकीय भ्रमणबाट सम्पूर्ण नेपाली खुसी हुने अवस्था सिर्जना हुनुपर्छ। अनि मात्रै भ्रमण फलदायी भएको मान्न सकिन्छ र भ्रमणले चिसिएको सम्बन्ध सुध्रिएको मान्न सकिन्छ । दिल्लीको भोज खानेबित्तिकै सबै कुरा ठीक भयो भन्ने मानसिकता राखिरहने हो भने नेपाल र नेपालीले अहिलेको जस्तो समस्या सधैं भोगिरहनुपर्नेछ। भारतको विशेष सम्मान ‘गार्ड अफ अनर’ पाउनासाथ ओलीको छाती फुल्यो होला र उनले भारतकै कारण नेपाली जनताले भोगेको चरम दुःख र कष्टलाई चटक्कै भुले होलान् । यो कसरी भन्न सकिएला ? हिजोसम्म उच्चबिन्दुमा रहेको ओलीको राष्ट्रवादको पारो यति छिट्टै पिँधमा कसरी झर्न सक्छ ? अझै पनि आमनेपालीले ओलीको हिजोका बोलीलाई सम्झिरहेका छन् र भरोसा राखेका छन्- ओलीले नेपाली जनतालाई निरास पार्ने छैनन् । यद्यपि, भारतीय समकक्षीको चिप्ला कुरामा मक्ख परेर फर्के भने ओलीले आमनेपाली जनताको आशा र भरोसालाई लत्याएको मानिनेछ र उनले पनि उही पुरानो दास परम्परालाई मात्रै निर्वाह गरेको मानिनेछ । त्यसैले प्रधानमन्त्रीले भने झैं असमझदारी हटे पनि संशय भने बाँकीनै छ ।

प्रधानमन्त्री स्तरमा सौहार्दताको हात त मिल्दै आएको हो, तर मन भने मिल्न सकेको छैन। त्यसैले, आशंकाका ज्वारहरू अझै पनि उठ्न सक्छन्। नेपाललाई सधैं आफ्नो अधीनमा राख्न चाहने भारतले कहिल्यै नेपालको उन्नति/प्रगति होस् भन्ने चाहेको छैन । केही दिएजस्तो गरेर लिन मात्रै जानेको भारतले अहिले पनि नेपालको जलस्रोतमाथि आँखा गाडेको छ। त्यसैले, उसले आफैंले भुटानबाट झन्डै १ हजार २ सय मेगावाट विद्युत् किन्दै आएको भए पनि नेपाललाई झन्डै २३० मेगावाट विद्युत् दिएको छ । प्रधानमन्त्री ओलीकै भ्रमणका क्रममा थप ८० मेगावाट विद्युत् दिएर उसले लोडसेडिङबाट हायलकायल नेपाली जनतालाई ठुलै गुण लगाएको भान पार्न खोजेको छ । साथै आगामी दुई वर्षमा ६ सय मेगावाट विद्युत् उपलब्ध गराउने र ७ हजार मेगावाट विद्युत् उत्पादनका आयोजनामा सहकार्य रहेको बताएर भारतीय प्रधानमन्त्रीले नेपाललाई सहयोग गरेको देखाउन खोजे पनि नेपालका नदीहरूमा एकाधिकार जमाउने र भरपूर दोहन गर्ने अभीष्टबाट भारत प्रेरित भएकोमा शंका छैन ।

भव्य स्वागतबाट हर्षित भएका ओलीले सम्बन्ध सुध्रिएको घोषणा गरे पनि मोदीले भने नेपालले अझै भारतलाई आश्वस्त पार्नुपर्छ भनेका छन् । नेपालले भारतलाई कुन कुरामा आश्वस्त पार्ने ? नेपालका सबै ठुला नदीमा भारतको एकाधिकार हुन्छ भनेर आश्वस्त पार्ने कि जति सीमा मिचे पनि हुन्छ भनेर आश्वस्त पार्ने कि मोदीले अन्तर्राष्ट्रिय समुदायसामु लाजै पचाएर भनेझैं बुद्ध भारतमै जन्मिएका हुन् भनेर आश्वस्त पार्ने ? नेपालको ठुला नदीहरूमा भारतले एकाधिकार कायम गर्न खोज्यो। ठुला जलविद्युत् आयोजना बनाउँछु भनेर वर्षौंदेखि आयोजना मात्रै ओगटेर बस्यो। भारतीय प्रधानमन्त्री नेपाल भ्रमणमा आउँदा बुद्ध नेपालमै जन्मेको भने। अन्तरर्राष्ट्रिय समुदायसामु गएर बुद्ध भारतमा जन्मेको भने । विनाकारण पाँच महिनासम्म नाकाबन्दी गरेर भारतले नै नेपाललाई दुःख दियो। दुई देशको सम्बन्ध उसैले बिगार्‍यो । अब यस्तो हुन्न भनेर भारतले नेपाललाई आश्वस्त पार्ने कि नेपालले भारतलाई ? त्यसकारण मोदीका अभिव्यक्तिबाट अझै पनि खतराका संकेतहरू प्रवाह भइरहेका छन् । मोदीले संविधानमा मिल्न बाँकी रहेका विषयमा सहमति र संवादका माध्यमबाट अघि बढ्न सुझाएका छन् । यसको मतलब भारत अझै सन्तुष्ट भइसकेको छैन भन्ने संकेतका रूपमा बुझ्नुपर्छ ।

नेपालमा जारी संविधान नेपालका लागि महत्त्वपूर्ण उपलब्धि हो भनेर मोदीले गर्विलो भाषण दिए। संविधान जारी भएको पाँच महिनापछि बल्ल भारतले थाहा पायो यो संविधान यति महत्त्वपूर्ण छ भनेर ? पाँच महिनासम्म त्यही संविधानप्रति असहमति जनाएर नाकाबन्दी लाद्ने भारतले उसले चाहेजसरी संविधानमा संशोधन भएपछि मात्रै त्यो संविधान नेपालका लागि महत्त्वपूर्ण उपलब्धि रहेछ भनेर बुझ्नु पक्कै उसको कुटिल कूटनीति हो। नेपालको कमजोरी बुझेको भारतले कूटनीतिमा सधैं नेपाललाई परास्त गर्दै आएको छ । यसपटक नेपालकै विजय हुने सम्भावना बढेको अवस्थामा ओलीले पनि आफ्नो अडानलाई अरू केही दिन टिकाउने धैर्य गर्न नसकेपछि फेरि पनि नेपाल कूटनीतिक र रणनीतिक हिसाबले पनि परास्त हुन पुगेको छ ।

प्रधानमन्त्री बनेपछि चीनको पहिलो विदेश भ्रमण गरेर प्रधानमन्त्री हुनासाथ भारतकै औपचारिक भ्रमण गर्ने विगतदेखिको दास परम्परालाई तोड्ने संकेत गरेका प्रधानमन्त्री ओलीले अन्ततः चीन भ्रमणका सबै तयारीलाई थाती राखेर भारतकै भ्रमण गर्नुले त्यही दास परम्पराबाट मुक्त हुने हिम्मत गर्न नसकेको आरोप ओलीमाथि लाग्दैछ । ओलीले नै भनेझैं असहज परिस्थितिमा चीनबाट भ्रमण सुरु गरेको भए व्यापार तथा पारवहनका महत्त्वपूर्ण सन्धि सम्झौता गरेर नेपाललाई भारतमाथिको एकलौटी व्यापार निर्भरतालाई कम गर्न सकिने सम्भावना थियो । तर, यस्तो महत्त्वपूर्ण सम्भावनालाई लत्याएर भारतबाटै विदेश भ्रमण थाल्नुले दास परम्पराको निर्वाहसँगसँगै सत्ता टिकाउने र लम्ब्याउने ‘आशीर्वाद’ थाप्ने अवसरको रूपमा उपयोग गरेको भनेर बुझ्नुपर्ने भएको छ । चीनसँग व्यापार तथा पारवहन सन्धि हुन सके भारतमाथिको निर्भरता घट्ने र भविष्यमा कुनै बहानामा भारतले फेरि नाकाबन्दी गरे नेपाली जनताले अहिलेको जस्तो सास्ती खेप्नु नपर्ने र अर्थतन्त्रले पनि अहिलेको जस्तो गम्भीर क्षति बेहोर्नु नपर्ने अपेक्षा थियो। चीन पनि यस्ता सुविधा प्रदान गर्ने सन्धि सम्झौताका लागि सकारात्मक बन्दै गरेको अवस्थामा सर्लक्क तासको पत्ता पल्टिएझैं पल्टिएर लुसुक्क भारतको भ्रमणमा जाँदा चीनको भावनामा पक्कै ठेस लागेको हुनुपर्छ । यो अवस्थाले गर्दा आगामी दिनमा चीनसँग फेरि त्यस्तै सुविधाका लागि आग्रह गर्दा उसले नकार्ने सम्भावना प्रबल बनेको छ। यो नेपालका लागि ठुलो नोक्सानी हुन सक्छ । यस मानेमा कूटनीतिक हिसाबले ओलीको भारत भ्रमण सार्थक बने पनि रणनीतिक हिसाबले अनुपयुक्त साबित हुने सम्भावना बढेको छ ।

प्रधानमन्त्री ओलीले भ्रमणअघि राष्ट्रहितविपरीत कुनै सन्धिसम्झौता नगर्ने उद्घोष गरे पनि सात बुँदे सहमति त भयो नै । यो सहमति कति राष्ट्रहितमा छ वा राष्ट्रघातमा छ भन्ने कुरा भविष्यमा देखिने नै छ । यद्यपि, यो सम्झौताबाट तेस्रो मुलुकमा व्यापार सहज हुने अपेक्षा भने गरिएको छ । व्यापार सहज हुँदा व्यापार वृद्धि र व्यापार घाटा न्यूनीकरणमा सहयोग पुग्नेछ। यसबाट भूकम्प र नाकाबन्दीले थलिएको नेपाली अर्थतन्त्रको सुधारमा मद्दत पुग्ने अपेक्षा गर्नु पनि सान्दर्भिक नै हुनेछ ।

# शृंगारका प्रसाधनमा लुकेका जोखिम



■ डा. महेन्द्रबहादुर विष्ट

**एउटा अमेरिकी अनुसन्धानले बताएको छ- विश्वभरि उत्पादन भइरहेका विभिन्न शृंगारका सामानमा ८२ हजार किसिममध्येका तत्त्वबाट लिइन्छ। यसमध्ये १० हजार ५ सय जति उत्पादनमा औद्योगिक रसायन उपयोग भएको हुन्छ।**

प्राग ऐतिहासिक कालदेखि नै महिला सौन्दर्यप्रति आकर्षित भएको तथ्य ग्रिस, रोम र इजिप्टमा पाइएका गुफाचित्रमा मात्र होइन, अजन्ता, खजुराहो, एलोरा, कोणार्क आदि हिन्दु मन्दिरहरूमा बनाइएका चित्रबाट पनि पुष्टि हुन्छ । आजकाल त सौन्दर्यको बजार तथा प्रतिस्पर्धा विश्वव्यापी भएको छ । खासगरी महिला वर्गलाई लक्षित गरेर बजारमा अनेक किसिमका शृंगार प्रसाधनहरूको बिक्री भइरहेको हुन्छ। त्यसभन्दा बढी अतिशयोक्तिका भड्किला विज्ञापन जताततै देखिन्छन् । खुला सडकमा पनि व्यापारी शृंगारका सामान बेच्न बसिरहेका हुन्छन्। अनुहार तथा शरीरको सुन्दरता चाहनु मानिसको नैसर्गिक इच्छा हो। केकस्ता शृंगारका प्रसाधन उपभोग गर्नु उचित वा अनुचित छ भन्नेतिर भन्दा यस आलेखको उद्देश्य त्यस्ता प्रसाधनमा केकस्ता हानिकारक तत्त्व रहेका हुन सक्छन् भन्ने प्रश्नमा पाठकलाई सचेत गराउनु हो। त्यसैले अनुसन्धाताका प्रमाणसिद्ध तथ्यलाई यहाँ समेटिएको छ ।

एउटा अमेरिकी अनुसन्धानले बताएको छ, विश्वभरि उत्पादन भइरहेका विभिन्न शृंगारका सामानमा ८२ हजार किसिममध्येका तत्त्वबाट लिइन्छ । यसमध्ये १० हजार ५ सय जति उत्पादनमा औद्योगिक रसायन उपयोग भएको हुन्छ । यसको अर्थ करिब आठमध्ये एकमा औद्योगिक रसायनको उपयोग हुने गरेको छ, जसबाट छाला, आँखा, ओठ, श्वासप्रश्वासलगायत अन्य अंग हुँदै यस्ता घातक तत्त्वको असर शरीरभित्र परिसकेको हुन्छ । उदाहरणका लागि सन् १९८० को सुरुदेखि आजसम्मको अध्ययन र रेकर्डबाट अनुसन्धाताले यो तथ्य बाहिर ल्याए कि यस अवधिमा हजारौं शिशुले ‘टाल्क’ पाउडर सुँघेको कारणले ज्यान गुमाए वा बिमारी भए। टाल्क पाउडर खरी ढुंगालाई पिसेर औद्योगिक प्रक्रिया पूरा गरेर र बास्ना राखिदिएर बनाएको वस्तु हो । यसमा रहेका घातक असरले अबोध शिशुलाई असर पुर्‍याउने नै हुन्छ । यसको घातक असरले श्वासप्रश्वास तथा फोक्सोमा समस्या र यहाँसम्म कि महिलालाई पाठेघरको क्यान्सरसमेत हुन सक्छ। प्लास्टिक, पेट्रोलियम, बेट्री, कीटाणुनाशक विष र कस्मेटिक प्रसाधनमा पाइने सिसा (लेड), अनुसन्धान गरिएका ६१ प्रतिशत नमुना लिपस्टिकहरूमा पनि पाइएको बताउँछन्, अनुसन्धाताहरू ।

नेपालमा शृंगार प्रसाधनको गुण नियन्त्रणको कुनै संयन्त्र छैन । न त यसका घातक असरको क्षतिपूर्ति कानुन, सुरक्षा मापदण्ड (सेफ्टी स्टयान्डर्ड) नै छ। जनचेतना पनि यथेष्ट स्तरमा छैन । वस्तुको लेबलमा उल्लिखित घटक-द्रव्य (इन्ग्रेडिएन्ट्स) हेर्ने प्रायः चलन छैन । महँगो दाम, ब्रान्ड र सुगन्धका आधारमा त्यसको गुणस्तर ठम्याउने उपभोक्ताको स्वभाव हुन्छ । वस्तुको उपयोगिता र मूल्यांकन गर्ने यो सही तरिका होइन। आजकाल धेरै चिज नक्कली हुने र बजार नियन्त्रण नभएकाले उपभोक्ताहरू ठगिनुका साथै स्वास्थ्यमा नराम्रो असर पर्ने खतरामा हुन्छन्। गुणस्तरीय शृंगारका प्रसाधन पनि स्वास्थ्यको ख्याल नराखी जथाभावी लगाउनु हुँदैन । यस्ता सामग्री उपयोग गर्नबाट निषेध गर्न होइन, होसियारी अपनाउन यहाँ केही त्यस्ता तत्त्व दिइएको छ, जो शृंगार प्रसाधनमा मिलाइएको हुन सक्छ र त्यसका घातक असरबारे सचेत गराउने प्रयास गरिएको छ । यसको अर्थ यो नलागोस् कि बजारमा पाइने शृंगारका प्रसाधनले स्वास्थ्य र शरीरलाई खराबी मात्र गर्छन्। जडीबुटीबाट बनेका र कतिपय गुणस्तरीय प्रसाधन उपयोगी पनि हुन्छन् ।

**पाराबेन** : यो तत्त्व अन्य विभिन्न नामका तत्त्वसँग जोडिएर उपयोग भएको हुन्छ, जस्तै ‘मेथिलपाराबेन’, ‘बुटिलपाराबेन’ आदि । यो बासनादार तत्त्व र प्रिजर्भेटिभ (उत्पादित वस्तुको परिरक्षक) को रूपमा, स्याम्पो, म्वाइस्चराइजर आदि प्रसाधनमा हालिन्छ । यसले हर्मोनको काममा असर गर्छ र स्तन क्यान्सर गराउन सक्छ। ७५ देखि ९० प्रतिशत शृंगार प्रसाधनमा यो तत्त्व मिसाइएको हुन्छ ।

**डीईए** : यो तत्त्व लाउरामाइड र कोकामाइड तत्त्वसँग मिलाएर फिँज आउने वस्तु- साबुन, स्याम्पो, क्लिन्सरका साथै क्रिम टाइपका तथा म्वाइस्चराइजर, सनस्क्रिन आदिमा मिसाइएको हुन्छ । यसको थोरै मात्राले छाला र आँखा चर्चराउने गर्छ भने धेरै मात्रामा शरीरमा गयो भने कलेजोको क्यान्सर वा थाइराइडको समस्या गराउने हुन्छ ।

**डिब्युटाइल प्याथलेट (डीबीपी)** : कपालमा छर्किने (हेयरस्प्रे) र नङसम्बन्धी उत्पादनमा हालिने यो तत्त्व हार्मोनको क्रियाका लागि असरदार हुन्छ । नङपालिस र हेयरस्प्रेमा सुगन्धको नाममा लुकाएर मिसाइन्छ, जसले प्रजननशीलतामा पनि असर पुर्‍याउँछ ।

**बुटिलेटेड हाइड्रोजाइनिसोल (बीएचए)** : विभिन्न कस्मेटिक्स, लिपस्टिक, म्वाइस्चराइजर आदिमा र डिब्बा बन्द खाद्य सामग्रीको परिरक्षक (प्रिजर्भेटिभ) को रूपमा समेत उपयोग गरिने यो तत्त्वले छालामा एलर्जी प्रतिक्रिया उत्पन्न गर्न सक्छ, साथै यो क्यान्सरको कारकका रूपमा पनि मानिन्छ ।

**कोलटार डाइज** : कपाल रंगाउने रंग प्रशाधनका रूपमा उपभोग गरिने यो वस्तु पेट्रोलियम पदार्थ र विभिन्न रसायनहरूको मिश्रणबाट बनाइन्छ । क्यान्सर र दिमागलाई असर गर्ने गहन धातुका रूपमा यसलाई चिनिन्छ ।

**अत्तर वा सिन्थेटिक परफ्युम** : अत्तर वा सुगन्ध, कोलोन, गन्धनासक (डियोडरेन्ट), एयर फ्रेसनर आदि तयार गर्न ३ हजार विभिन्न किसिमका रसायनको प्रयोग गर्न सकिन्छ । हामीलाई ती सुगन्ध त मनपर्छ, तर यस्ता चिजको अत्यधिक सेवनले गर्दा दम, श्वासप्रश्वास, एलर्जी, स्नायविक बिमारी (न्युरोटक्सिसिटी), घाँटीको समस्या, टाउको दुख्ने (माइग्रेन पेन) र यहाँसम्म कि क्यान्सरको खतरा पनि हुन सक्छ भन्ने चेतना कमै मात्र हुन सक्छ ।

**पोलिथाइलिन ग्लाइकोल्स (पीईजी)** : कन्डिसनर्स, म्वाइस्चराइजर, डियोडोरेन्ट जस्ता प्रशाधनमा राखिएको यो तत्त्व पेट्रोलियम तत्त्वमा आधारित हुन्छ, जसले एकआपसमा जोड्ने, नरम तथा बाक्लो गराउने, ओसिलो बनाइराख्ने कार्यका लागि कस्मेटिक्स क्रिमको रूपमा उपयोग गरिन्छ। औषधिका रूपमा यसको उपयोग जुलाब (ल्याक्सेटिभ) को प्रयोजनमा लिइन्छ । यसले स्नायविक प्रणालीमा असर गर्न सक्छ ।

**पेट्रोलियम** : ‘पृथ्वीको तेल’का रूपमा उत्पादन हुने पेट्रोलियम पदार्थसँगै अन्य धेरै चिजको सहउत्पादन (बाइप्रोडक्ट) हुन्छ । कपाल चम्किलो बनाउनेसम्बन्धी प्रसाधन, शिशुको तेल, साबुन, ओठको मलम (चिपस्टिक आदि), लिपस्टिक, भ्यासलिनलगायत छालाको हेरचाहका सामान पेट्रोलियम तत्त्वबाटै बन्छन् । तर, यसबाट हुने विकृति वा नकारात्मक असरले क्यान्सरको सम्भावना हुन्छ । यसका प्रसाधन छालामा लगाउँदा पसिनालगायत विकार बाहिर निस्कने बाटो छेकिने र अक्सिजन छालाबाट शरीरमा प्रवेश गर्न नपाउने हुनाले यसको उपयोगमा आदत बस्दा कलेजो (लिभर) को काममा असर पुर्‍याउने हुन्छ ।

‘सिलोजेन्स’, म्वाइस्चराइजर, कपालका प्रसाधन र अन्य मेक-अपका सामानमा मिसाइएको हुन्छ। यसको दुरुपयोगले हर्मोनको कार्यमा असर पुर्‍याउनुका साथै लिभर खराब गराइदिन सक्छ । त्यसैगरी ‘सोडियम लारिल सल्फेट’ (एसएलएस) फिँज आउने सामग्री जस्तै डिटर्जेन्ट, स्याम्पो, क्लिन्सर, फिँजमा नुहाउने (बबल बाथ) बनाइन्छ। यसको अत्यधिकता वा नकारात्मक उपयोगले लिभरमा क्षति, छाला र आँखामा चर्चराहट र क्यान्सरसम्मको सम्भावना ल्याउँछ । ‘ट्रिक्लसन’ विशेषगरी प्रतिजैविकीय (एन्टी ब्याक्टेरियल) उत्पादनका सामान- टुथपेस्ट, डियोडरेन्ट, क्लिन्सर, हात सफा गर्ने साधन, साबुन आदिमा राखिएको हुन्छ। यसको दुरुपयोगले हार्मोनको काममा असर पुर्‍याउँछ। यसैगरी प्रायः डियोडरेन्टमा हालिने ‘अल्मुनियम’ खनिज तत्त्व अल्जाइमर्स, दिमागका रोगको जोखिम र स्तन क्यान्सरसँग सम्बन्धित छ । ‘मर्क्युरी’ (पारो) हालिएका प्रसाधनको दुरुपयोगले मिर्गौला खराबी, स्नायु प्रणालीमा समस्या, गर्भस्थ शिशु वा बालबालिकाको दिमागको विकासमा अवरोध हुन सक्ने जोखिम हुन्छ। आई-स्याडो (आँखाको प्रसाधन) मा ‘निकेल’ तत्त्व पाइएको र यसले एलर्जी गराएको तथ्य अनुसन्धाताले प्रकाशमा ल्याएका छन् ।

गुणस्तरयुक्त शृंगारका प्रसाधन उपयोग गर्दैमा माथि भनिएका घातक असर देखा परिहाल्ने त होइन, सम्भावना त रहन्छ नै । यसै सम्झौं, शृंगारको बानी भइसकेकी महिलाले शृंगार गर्दाभन्दा नगरेको अवस्थामा उनको अनुहार नकारात्मक रूपमा फरक देखिन्छ, किन ? शृंगारका प्रसाधनले अनुहारमा आफ्नो घातक पहिचान छोडिसकेको हुन्छ। गुणस्तरीय र हानिरहित यस्ता सामग्री धेरै महँगा हुन्छन् । त्यसैले जोसुकैले उपयोग गर्न सक्दैनन् ।

सौन्दर्य प्रशाधन (कस्मेटिक्स) का पारखीले केचाहिँ ध्यान दिनुपर्छ भने प्रशस्त पानी पिउने, हरियो सागसब्जी, फलफुल पर्याप्त मात्रामा खाने, लसुन, कागती, अमलाजस्ता वस्तुको नियमित रूपमा उचित उपभोग गर्ने, खाने, काम गर्ने, सुत्ने, उठ्ने, मनोरञ्जन गर्ने कार्य नियमित र निश्चित समयमा गर्ने बानी बसालियो भने शरीरको सौन्दर्य धेरै राम्रो भएर आउँछ। व्यायाम गर्ने, पसिना निकाल्ने, निद्रा पुर्‍याउने, सहजै पच्ने खालको भोजन गर्ने, कब्जियत हुन नदिनेजस्ता आनीबानीले मानिसको सौन्दर्य प्राकृतिक रूपले बढेर आउँछ । वनस्पतिजन्य साधनलाई शृंगारको प्रयोजनमा अपनाउन सकिने पनि प्रशस्त सम्भावना छ, जसको हानि नगण्य हुन्छ ।

***(लेखक स्वास्थ्यसेवा विभागका पूर्वमहानिर्देशक हुन् ।)***

## पाठक मत

# मानव, डर र मानवता

■ **विनोद शर्मा**

मानव, मानवहित र भलाइमा अग्रसर हुन्छ । मानवमा भएको सद्गुणले अरूको दुःख र पीडालाई कम गर्न सक्छ भने मानवलाई सामाजिक प्राणी बनेर बाँच्न सिकाउने क्षमता र बुद्धि पनि दिन्छ। त्यसैले, अरूको दुःखसुखमा साथ दिएर दुःखबाट मुक्ति दिलाउने र सुखमा साथ दिएर आनन्दित तुल्याउन सक्दछ । त्यस्तो मानव जब मानव हितका लागि अग्रसर नभई व्यक्तिगत स्वार्थमा लिप्त छ भने आफूलाई मात्र नभएर समग्र समाजलाई नै दुःख दिन्छ ।

जीवनको कठिन गोरेटोमा आफ्नो जीवन चलाउन र सन्ततिलाई पालनपोषण गर्न आफूलाई बिर्सेर दुई छाक टार्न जस्तोसुकै पीडा, चिन्ता र अरू थुप्रै कुरा भुल्न विवश हुँदोरहेछ मान्छे। त्यसैले गरिब श्रमिकको संघर्षमय जीवनका धेरै कठिन उतारचढाव आउँदा रहेछन्। मनमा धेरै किसिमका चिन्ता, सोच र डर उत्पन्न हुँदा रहेछन्, जसले गर्दा आफ्ना मनका पीडा र चोट सार्वजनिक गर्न सक्दोरहेनछ । त्यसैले भनिदोरहेछ, ‘मनको बह कसैलाई नकह ।’ तर, के गर्नु ? विवशता वा अरू के भनौं, सबै किसिमका पीडा सहनु मानवका लागि उपयुक्त होइन भने सार्वजनिक गर्नु झन् बेठिक बन्दोरहेछ। किनभने गरिब र श्रमिकको जिउने आधार भनेको अर्को दोस्रो कोही हुँदो रहेछ। उसको रोजीरोटी र सन्ततिको भविष्यका कारण श्रमिकको श्रमबाट झन् विमुख बन्नुपर्ने चिन्ताले चिन्तित र त्रसित बन्नुपर्दोरहेछ ।

स्वार्थी वर्गबाट सामान्य वर्गको रूपमा तुलना गरेर खेलवाड गरिदिँदा भविष्यका आधारमा कुठाराघात भएमा त्यस्ता वर्गको न समाउने ठाउँ हुँदोरहेछ न टेक्ने ठाउँ नै। राणाशासनविरुद्ध आवाज उठाउँदा धेरै व्यक्ति र वर्गको जीवन बर्बाद भएजस्तै गरिबको जीवनका पनि सहज रूपमा बर्बाद बनाउन तयार हुँदोरहेछ । अपराध सार्वजनिक हुँदा त्यस्ता गरिब वर्गप्रति आउने ठाडा चुनौती त्यसका साथै सामन्ती वर्गको एकताबाट त्यस्ता गरिबप्रति हुने दुर्व्यवहारको सिकार त्यही एक्लो वर्ग हुँदोरहेछ। जसरी दासताबाट मुक्त गराउन अब्राहम लिंकनले गरिब र विपन्न वर्गका लागि आवाज उठाउँदा त्यस्ता वर्गको कुदृष्टि, अपमान, तिरस्कारका साथै जीवनको उत्सर्ग ८४औं पटकको गोली प्रहारबाट भयो ।

नेपालको राजनीतिक कुचक्रमा त्यस्ता वर्गको स्थान मात्र मतदाताको रूपमा सीमित छ। राजनीतिभित्र वर्गीयताको घेराबन्दीमा भोट दिने र गरिब र श्रमिकको कुनै स्वरूप नरहँदा ती वर्गको आवाज, रोदन उत्तिकै कता विलीन हुन्छ, अत्तोपत्तो हुन्न। प्रजातन्त्रको देखावटी बनोटमा ती वर्गलाई आड लाग्ने ठाउँ रहनुपर्नेमा त्यस्तो कार्य कुनै नभएकाले होला श्रमिक र गरिब झनै गरिब र पूर्ण श्रमजीवी बन्न पुगेको ।

राजनीतिज्ञले अरू सबैका संगठन बनेको र सशक्त रूपमा कार्यहरू पनि पेचिला रूपमा रहेका तर गरिब र श्रमिकका सांगठनिक स्वरूप देखावटी बनाउँदै निष्क्रिय बनाएका हुन्। त्यस्तो राजनीतिक कुचक्रमा फसाइएका कारण श्रमिकको श्रम र उनीहरूले बगाउने पसिनाको उपेक्षा हुनु कुनै नौलो कुरा भएन ।

मानवताको कुर्सीमा राखेर हेर्दा मानवको हित र कल्याणलाई ठुलो धर्म मानिन्छ । त्यसमा वर्गको पीडामा मलम लगाउन सक्दा मात्र मानवको कर्म पूरा हुन्छ भनिन्छ। तर, जति मानिस विवेकशील बन्दै गयो, शैक्षिक अवस्था वृद्धि हुँदै गयो, सिप र क्षमताले सम्पन्न हुँदै गयो र वैज्ञानिक पद्धतिले आधुनिकतालाई बढाउँदै गयो, त्यति नै मानव स्वार्थी हुँदै गयो । मानिस स्वरूपको मात्र बन्दै गयो । स्वार्थी बन्दै गयो । यसबाट मानिसको मानवप्रतिको दृष्टिकोण मात्र स्वार्थ साधनको रूपमा ऐस आरामको वस्तुको रूपमा सीमित रहन पुग्यो भने मानवभित्रको मानवता अन्त्य हुन पुग्यो । त्यसैले, मानव समाज घृणित भयो। यस्तैयस्तै आधारको सिकार पहिलो वर्ग तिनै गरिब र श्रमिक परे। तिनीहरूको बाध्यताको फाइदा उठाउँदै ती वर्गमाथि भएका घटनाहरूको नालीबेली त लगाइरहनु पर्दैन ।

बलात्कृत हुने पनि तिनै विपन्न वर्ग, शोषित हुने पनि तिनै वर्ग, पार्टीहरूको कुदृष्टि पनि तिनै गरिब वर्गमाथि अनि नीतिनियम बनाउनेले कालो कानुन बनाई लुट्न सिकाउने पनि तिनै वर्गमाथि। अब सम्झनोस् ती वर्गको अवस्था कस्तो होला ? तिनीहरूका सन्ततिको पालनपोषण, शिक्षा र अन्य अवस्था कुन रूपमा चलिरहेको होला ? तिनीहरूको आत्माको जलन कुन रूपमा भएको होला ? मानव जीवन सञ्चालन गर्न भविष्यको चिन्ताले चिन्तित तुल्याउँदा कस्तो डर उत्पन्न होला ? ती गरिब र श्रमिकप्रति राखिएको दृष्टिकोण अनि उनीहरूले बाँच्नका लागि विवशतामा बाँधिएका र सन्ततिको दायित्वका कारण ती वर्गभित्र रहेको एक प्रकारको डरका कारण कतिबाट त यस्ता कुनै घटना सार्वजनिक हुन सकेका छैनन् । सायद ती सामन्ती र शोषक वर्गबाट थपिने लाञ्छनाबाट त्रसित भएर होला सार्वजनिक हुन नसकेका ।

सार्वजनिक गर्नेहरूले भोग्नुपरेका मर्म र पीडा अनि त्यसको प्रतिफलको अवस्था कस्तो होला ? मानवताको रक्षाका लागि मानव हुनुको भाव दर्साउन आफूभित्रको डरलाई हटाई अघि बढ्नुपर्छ। आत्मबल दह्रो बनाउनुपर्छ। पीडितले पीडालाई सार्वजनिक नगर्दा त्यस्ता वर्गमा आत्मबल बढ्न गई समाजलाई नै घृणित बनाउन सक्दछन्। मानव समाजलाई कलंकित बनाउन सक्छन्। त्यसैले आफूले भोगेको पीडा अन्य गरिब र श्रमिकले भोग्नु नपरोस् भन्ने आदर्शलाई आत्मसात् गरी अघि बढ्न र त्यस्ता वर्गको उत्थानलाई सर्वोपरि ठान्न मानव समाजको हितमा अग्रसर रहन मानवताप्रेमी वर्गमा अनुरोध छ ।

## न्यायाधीश नियुक्तिमा नैतिकता

प्रधानन्यायाधीशसहित २१ जना न्यायाधीशको दरबन्दी रहेको सर्वोच्च अदालतमा रिक्त ११ न्यायाधीश नियुक्ति गर्न न्याय परिषद्मा सहमति जुटेको सुनिएको छ ।

संसद् नियमावली अभावको बहानामा नेपाल बार एसोसिएसन र प्रधानमन्त्रीले न्याय परिषद् सदस्य सिफारिस नगरेपछि अपूर्ण रहेको परिषद्ले सर्वोच्चमा न्यायाधीश नियुक्त गर्न सकेको थिएन। तर, प्रधानन्यायाधीश कल्याण श्रेष्ठ, कानुनमन्त्री अग्नि खरेल र सर्वोच्चका वरिष्ठ न्यायाधीश सुशीला कार्की सम्मिलित तिन सदस्यीय परिषद्ले नै न्यायाधीश नियुक्तिको सिफारिस गर्ने कुरा हल्लामा मात्र आउने होइन, यसले मूर्त रूपसमेत पाउनुपर्छ ।

सर्वोच्च अदालतमा मुद्दाको संख्या बढेको, सर्वोच्च बारको पहल र सञ्चार माध्यमको सार्वजनिक दबाबपछि तत्कालै न्यायाधीश नियुक्तिका लागि परिषद् सहमत हुनु अत्यन्तै सुखद पक्ष हो । तर, विगतको बेथितिबाट पाठ सिक्दै स्वतन्त्र र सक्षम न्यायपालिकाको आधारभूत मूल्य मान्यताअनुरूप निष्ठावान्, चरित्रवान् र नैतिकवान् सक्षम गैरराजनीतिक व्यक्ति मात्र न्यायाधीशको रूपमा नियुक्त गरिनुपर्छ । भर्खरै मात्र दुई न्यायाधीशले रक्सीले मातेर एक महिलालाई हातपात गरेको घटना सार्वजनिक भएको छ। न्यायपालिकाका लागि यो भन्दा लज्जास्पद कार्य केही हुन सक्दैन। यस्ता कुराबाट पाठ सिकी भारत, अमेरिका र जापानमा जस्तो दक्ष व्यावसायिक न्यायाधीश मात्र नियुक्त गरिनुपर्छ। न्यायपालिकाभित्रैबाट बढुवा प्रक्रियाबाट न्यायाधीश भएकाहरू व्यावसायिक न्यायाधीश हुन सक्दैनन् । न्यायाधीश नियुक्ति प्रक्रियामा नैतिकता समेत ख्याल गरिनुपर्छ ।

**रोशनकुमार झा,**
सदस्य, काठमाडौं जिल्ला अदालत बार एकाइ

## राहत होइन आहत

‘हात्ती आयो हात्ती आयो फुस्सा’ भनेझैं नेपाल आयल निगमले ६/६ पटक पेट्रोलियम पदार्थको भाउ घटाउँदा पनि सार्वजनिक यातायातको भाडा दर घटाउन चाहेन । चौतर्फी विरोधका कार्यक्रम सार्वजनिक भएपछि सरकारले बाध्य भई भाडा घटाउने निर्णय त गर्‍यो तर त्यसले ‘हात्तीको मुखमा जिरा’ भनेझैं आमनागरिकमा निराशा छाउने कामबाहेक अरू केही हुन सकेन। सरकारले वैज्ञानिक भाडा दर लागू गरी व्यवसायीलाई भाडा दर समायोजन गर्न भने पनि अटेर गरी बसेका छन्। सरकारले भाडा दर लागू नगर्ने केही व्यवसायीलाई कारबाही गरेको पनि छ तर पनि अधिकांश व्यवसायीले भने भाडा घटाएका छैनन् । यो खै के पो गरेको हो ? आमनागरिक अन्योलमा छन् ।

देशमा एक रुपैयाँ मात्र तेलको मूल्य बढ्दा गाडी भाडा स्वतः बढ्छ भने यत्रो पटक तेलको मूल्य घट्दा भाडा दर त्यसैअनुसार किन घट्दैन ? कतै आयल निगम र व्यवसायीबिच भित्री साँठगाँठ त छैन ? शंका गर्नुपर्ने अवस्था आएको छ । त्यस्तै, उपभोक्ता हित संरक्षण मञ्चलगायत उपभोक्तावादी संघसंगठनले किन आवाज उठाउँदैनन् यो कुरामा ? यसतर्फ पनि सोच्नै पर्ने अवस्था आएको छ ।

तेलको मूल्य घटेपछि भाडा घट्छ र दैनिक उपभोग्य सामग्रीदेखि सबैको मूल्य घट्छ भनेर बसेका आमनागरिकलाई राहत होइन, आहत मिलेको छ। छोटो दूरीका यातायात चढ्नेले अहिलेकै भाडा दर तिर्नुपर्ने हुन्छ। अब प्रश्न उठ्छ, तेलको भाउ घटे पनि बढे पनि हामीलाई के फाइदा ? हुन त उपभोक्ताहरूले इन्धनको मूल्य घटेअनुसार गाडी भाडा नघटाइएको भनेर समयसमयमा विरोध नगरेका भने होइनन्। लाचार सरकारलाई यस्तो कुरा सुन्न कहाँ समय छ र ? अतः सम्पूर्ण उपभोक्ता मिली इन्धनको मूल्य घटेअनुसार भाडा घटाउन सरकारलाई घचघच्याऔं ।

**न्हुँछेनारायण श्रेष्ठ**
त्रि.वि. इ.अ.सं., पुल्चोक

### ❑ अनुरोध

***राजधानी* राष्ट्रिय दैनिक सदैव पाठकको सेवामा समर्पित छ। हाम्रो प्रयास तपाईंलाई कस्तो लागिरहेको छ ? तपाईंका गुनासा, आलोचना र सुझावले *राजधानी*लाई स्तरीय बन्न र सही बाटोमा हिंड्न अभिप्रेरित गर्छ। त्यसैले, हामी तपाईंको रचनात्मक आलोचना र अमूल्य सुझावको अपेक्षा गर्छौं, कृपया लेख्नुहोस्। र, लेख्नुहोस् मुलुकका समसामयिक घटनाक्रमप्रतिको आफ्नो सटीक प्रतिक्रिया। लेखरचनासँगै आफ्नो स्पष्ट परिचय र तस्बिर पनि पठाउनुहोला।**

**लेख तथा प्रतिक्रियाका लागि**
**इमेल** : merobichar@gmail.com
**फ्याक्स** : ०९७७-१-५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं

# दिल्लीमा पानी वितरण आंशिक सुचारु

**एजेन्सी**
नयाँ दिल्ली, ११ फागुन

राजधानी नयाँ दिल्लीमा पानीको आपूर्ति मंगलबारबाट आंशिक सुचारु भएको छ । रोजगारीमा सरकारसँग आरक्षणको माग गरी प्रदर्शनमा उत्रिएका जाट समुदायको आन्दोलनका कारण दिल्लीमा तीन दिनदेखि पानीको हाहाकार भएको थियो । पानीको नाका थुनिदिँदा १ करोड मानिस नराम्रोसँग प्रभावित भएका थिए ।



हरियाणामा सरकारी सेनाले आन्दोलनकारीको नियन्त्रणमा रहेको मुनक नहरलाई आफ्नो नियन्त्रणमा लिएपछि पानी वितरणमा आंशिक सुचारु भएको हो ।

दिल्लीको पानीको संकट अझै पूर्ण रूपमा साम्य नभएको दिल्लीका पानीमन्त्री कपिल मिश्राले बताए । पुऱ्याएर पानी उपयोग गर्न पनि उनले दिल्लीवासीलाई आग्रह गरेका छन् । पानी अभावकै कारण बन्द रहेका विद्यालय मंगलबार भने खुलेका छन् ।

दिल्लीमा १ करोड ६० लाख मानिस बसोबास गर्छन् । सहरको पाँच भागको तीन भाग पानीको आपूर्ति मुनक नहरबाट हुने गर्छ । सो नहरबाट केही पानी वितरण भएको मन्त्री मिश्राले बताए । नहर आंशिक रूपमा सुचारु भएसँगै उत्तरी र मध्य दिल्लीमा पानीको आपूर्ति भएको उनले बताए ।

उत्तरी र मध्य दिल्लीबाट पानी बोकेका ७० भन्दा बढी ट्यांकीहरू पश्चिम सहरमा पठाइएको र ती क्षेत्रमा मंगलबार साँझसम्म आंशिक रूपमा वितरण भएको बताइएको छ । 'मुनक नहरको पुनर्निर्माण नहुन्जेल आपूर्तिलाई सीमित गरिनेछ । तर, संकटको समाधान भइसकेको छैन । मानिसहरूले सावधानीपूर्वक पानीको प्रयोग गर्नुपर्छ,' उनले भने ।

दिल्लीका नौओटा पानी प्लान्टमध्ये चारओटा बन्द गरिएको पानी बोर्डका वरिष्ठ अधिकारी निरज सिमवालले बताए । पानीको अभावमा कति घर प्रभावित भए भन्ने विषय अझै अस्पष्ट रहेको बताइन्छ ।

यसअघि दिइने चेतावनीमा उपभोक्ताले पानी बचत गर्नुपर्थ्यो । प्रभावित क्षेत्रमा ट्यांकर पठाउनुपर्थ्यो । तर, पछिल्लो समयमा भने यो अभाव चरम भएको बताइन्छ । 'मेरो छोरा एउटा होटलमा प्रबन्धकका रूपमा काम गर्छ । कार्यालयमा नुहाउन बिहानै घरबाट हिँड्छ,' निकहाट परभिनले हिन्दुस्तान टाइम्सलाई बताइन्, 'खाना पकाउन र पिउन मैले बोतलको पानी किन्ने गरेकी छु ।'

**सहज आपूर्ति हुन १५ दिन लाग्ने**

यसैबिच, आपूर्ति सहज हुन अरू दुई साता लाग्ने दिल्लीका अधिकारीहरूले जनाएका छन् । आन्दोलनकारीहरूले आफ्ना माग पूरा गराउन नयाँ दिल्लीमा आपूर्ति गरिएको पानीको स्रोतमा नै अवरोध पुऱ्याएकाले त्यसका लागि थप १५ दिन लाग्न सक्ने अनुमान उनीहरूले बताएका हुन् ।

नयाँ दिल्लीमा विभिन्न जाति र समुदायका नागरिकले सरकारी सेवा र अध्ययनका लागि थप आरक्षणको माग गर्दै जारी राखेको आन्दोलनका क्रममा पानीको आपूर्ति मार्गमा नै अवरोध पुऱ्याएका थिए । दिल्लीको पानी आपूर्तिसम्बन्धी कार्यालयका अधिकारी निरज सेवमानले भने, 'आंशिक सेवा त हामीले एकदुई दिनमा नै सुचारु गर्नेछौं तर पुरै सेवा सुचारु गर्न भने कम्तीमा पनि दुई साता लाग्नेछ । आन्दोलनकारीहरूले भने सोमबार हरियाणाको राज्य सरकारसँग सम्झौता गरेको बताइएको छ ।

# सिरियामा युद्धविराम प्रस्ताव

**एजेन्सी**
बेरुत, ११ फागुन



सिरियामा आगामी शनिबारदेखि लागू हुने गरी युद्धविरामको प्रस्ताव गरिएको छ । आगामी शनिबारदेखि लागू हुने गरी संयुक्त राज्य अमेरिका र रसियाले युद्धविरामका लागि सरकार र विद्रोही पक्षलाई सो प्रस्ताव गरेको बताइएको छ ।

संयुक्त राज्य अमेरिका र रसियाले सो प्रस्ताव गरेका बताइएको छ । प्राप्त समाचारअनुसार यसअघिदेखि नै यी दुई देशले सिरियामा शान्ति स्थापनाका लागि पहल गरेका र सोही प्रयोजनका लागि युद्धविराम प्रस्ताव गरिएको हो ।

सिरियाली सरकार र विपक्षीका तर्फबाट उक्त प्रस्ताव स्वीकार गरेको पनि बताइएको छ । प्रस्तावले सिरियामा आतंककारी क्रियाकलाप मच्चाउँदै आएका इस्लामिक स्टेट्स र अल नुस्रा फन्टबारे भने केही बोलेको छैन ।

विश्लेषकहरूले सिरियामा आईएसको आतंक जारी नै रहेको र भूमिगत संगठनका रूपमा आतंक मच्चाएका यी संगठनका कारण भने हिंसा रोकिन सक्ने जनाएका छन् । यसका साथै सिरियामा गएको पाँच वर्षदेखि आन्दोलन जारी राखेका विपक्षीहरूले पनि यस युद्धविरामका लागि सर्त अघि सारेका छन् ।

सिरियाली राजधानी दमास्कसमा भएका शृंखलाबद्ध आक्रमणहरूमा परी कम्तीमा पनि १ सय ३४ जना विशेषगरी सर्वसाधारणको ज्यान गएको एक दिनपछि सिरियामा यो युद्धविरामको प्रस्ताव आएको छ । संयुक्त राज्य अमेरिका र रसियाद्वारा जारी विज्ञप्तिमा आगामी शुक्रबारको मध्यरातिदेखि सिरियामा युद्धविराम सुरु हुने जनाएका छन् ।

अमेरिका र रसियाले युद्धविरामलाई सिरियामा शान्ति स्थापनाका लागि सुरु भएको एक पहलका रूपमा लिएका छन् । उनीहरूले यदि रसियामा प्रस्तावित युद्धविराम सम्भव अथवा लागू भयो भने यसले त्यहाँ अप्ठ्यारोमा बाँचिरहेका नागरिकलाई खाद्यान्नलगायतको अत्यावश्यकीय वस्तुको आपूर्तिका लागि सहयोग पुग्ने पनि बताएका छन् ।

दुई हप्ताअघि मात्र जर्मनीमा भएको विश्वका विभिन्न देशका गृहमन्त्रीहरूको बैठकमा सिरियामा शान्ति स्थापनाका लागि दुवै पक्षलाई युद्धविरामका लागि आग्रह गर्ने सहमति भएको थियो । सोही कार्यक्रमबमोजिम यी दुई देशको पहलमा यो प्रस्ताव आएको हो ।

तर, यसअघि जेनेभामा साउदी अरेबियाको समन्वय र राष्ट्रसंघको मध्यस्थतामा भएको शान्ति वार्ता भने सफल हुन सकेको थिएन । सिरियामा गएको करिब पाँच वर्षदेखि हिंसा जारी नै रहेको छ । त्यहाँको गृहयुद्धमा परी २ लाख ६० हजारभन्दा बढी सर्वसाधारण एवं सुरक्षाकर्मीको ज्यान गएको छ ।

यसपटकको यो युद्धविराम विपक्षी तथा सरकारी सेनाकै तर्फबाट पालना होला र सिरियामा जारी रहेको हिंसाको अन्त्यका लागि शान्तिको सार्थक प्रयास सफल होला भन्नेमा धेरैको आशंका नै रहेको पनि बताइएको छ ।

# फिजीको संकटमा राष्ट्रसंघको चिन्ता

**एएफपी**
सुभा, ११ फागुन

फिजीमा आएको भीषण सामुद्रिक आँधीका कारण उत्पन्न समस्याप्रति संयुक्त राष्ट्रसंघीय उद्धार प्रमुखले चिन्ता व्यक्त गरेका छन ।

संयुक्त राष्ट्रसंघीय मानवीय सहायता मामिलासम्बन्धी प्रमुख स्टेफेन ओ ब्रेएनले फिजीमा आएको भीषण आँधीको नकारात्मक प्रभावप्रति गहिरो चिन्ता व्यक्त गरेका हुन् ।

प्रशान्त महासागरीय द्वीप राष्ट्रमा आएको आँधीमा परी सोमबारसम्म कम्तीमा २६ व्यक्तिको मृत्यु भएको छ ।

आँधीबाट लाखौं व्यक्ति प्रभावित भएका छन् । सम्पूण गाउँ र बालीनाली ध्वस्त भएको बताइएको छ । आँधीका कारण ८ हजार ५ सय व्यक्ति ७० ओटा शरणार्थी स्थलमा बस्दै आएको बताइएको छ ।

त्यहाँ रहेका विदेशी पर्यटकद्वारा फिजी छोड्ने क्रम जारी रहेको छ । मृत्यु भएपछि विदेशी पर्यटकले त्रासका कारण फिजी छोड्न थालेको बताइएको छ ।

आँधीपछि सरकारले राष्ट्रव्यापी रूपमा कर्फ्युको घोषणा गरेको छ भने सम्पूर्ण सैक्षिक संस्थाहरू बन्द गरिएको छन् । यसैबीच, चीनले पनि भीषण सामुद्रिक आँधीले अस्तब्यस्त फिजीलाई मानवीय सहयोग गर्ने प्रबन्ध मिलाइरहेको जानकारी दिएको छ ।

# अफगान शान्तिवार्ताबारे बैठक सुरु

**एजेन्सी**
काबुल, ११ फागुन

अफगानिस्तानमा शान्ति स्थापनाका लागि पहलस्वरूप चार देशको बैठक सुरु भएको समाचार छ । अफगानिस्तानको राजधानी काबुलमा सो बैठक सुरु भएको छ ।

बैठकमा शान्ति वार्ताका माध्यमबाट अफगानिस्तानमा शान्ति स्थापनाबारे कुराकानी भएको छ । अफगानिस्तान, पाकिस्तान, चीन र संयुक्त राज्य अमेरिका सम्मिलित चार देशको सो बैठक चौथो चरणको बैठक हो । यसअघि पनि पाकिस्तान र अफगानिस्तानमा विभिन्न चरणमा बैठक भएका थिए । बैठक सुरु हुनुअघि अफगास्तिानका रक्षामन्त्रीले उपस्थित प्रतिनिधिहरूलाई अफगानिस्तानको सुरक्षाबारे जानकारी गराएका थिए ।

पछिल्लो बैठकबाट अफगानिस्तानमा विगत लामो समयदेखि हिंसा मच्चाउँदै आएका तालिबानहरूलाई वार्ताको टेबलमा ल्याउने प्रक्रियाबारे मार्ग पहिचान गर्नेछन् । यस पटकको यस चार देशीय बैठकबाट अफगानिस्तानका तालिबानहरूलाई वार्तामा ल्याउन सहयोग पुग्ने अपेक्षा अफगान अधिकारीहरूले गरेका छन् । तर, अफगानिस्तानमा सशस्त्र युद्ध गरिरहेका तालिबानहरूले भने शान्तिपूर्ण वार्ताको टेबुलमा बस्नेबारे अहिलेसम्म केही संकेत गरेका छैनन् । अफगानिस्तानमा विगत लामो समयदेखि जारी रहेको हिंसामा परी हजारौं नागरिकको ज्यान गएको छ । तर, पटकपटकका वार्ताका प्रयासहरू सफल हुन भने सकिरहेका छैनन् ।

**आत्मघाती आक्रमणको जिम्मा तालिबानले लियो**

पूर्वी प्रान्त पार्वानमा सोमबार भएको आत्मघाती आक्रमणको जिम्मा तालिबानले लिएको छ । आक्रमणमा परी १४ व्यक्तिको मृत्यु भएको थियो । तालिबान लडाकूद्वारा मंगलबार प्रकाशित विज्ञप्तिमा सो जानकारी दिइएको छ । पार्वान प्रान्तको सिआगुर्द जिल्लामा गस्तीमा रहेका प्रहरीको एक समूहलाई लक्ष्य गरी गरिएको यस आत्मघाती आक्रमणमा प्रहरी कमान्डर मोहमदसहित उनका सहयोगीहरूको मृत्यु भएको बताइएको छ । अफगानिस्तानको राजधानी काबुलबाट ५५ किलोमिटर उत्तरमा पर्ने सिआगुर्द जिल्लामा भएको आत्मघाती आक्रमणमा ६ जना अफगान स्थानीय प्रहरी (एएलपी) र सात सर्वसाधारणको मृत्यु भएको छ ।

# इबोला संक्रमित नर्स तेस्रो पटक अस्पताल भर्ना



**लन्डन/एजेन्सी-** इबोला संक्रमित स्कटिस नर्स पाउलिन क्याफर्की उपचारका लागि तेस्रो पटक अस्पताल भर्ना भएकी छन् । सन् २०१४ मा इबोला संक्रमण भएपछि उनलाई निगरानीमा राखिँदै आएको थियो ।

दक्षिणी लनर्कसायर निवासी ४० वर्षीय क्याफर्की इबोला संक्रमित भएपछि ग्लास्कोको क्विन एलिजावेथ युनिभर्सिटी अस्पतालमा उपचाररत थिइन् । सियरालियोनमा इबोला संक्रमितहरूको उपचारमा बेलायती स्वास्थ्यकर्मीको टिमसँगै खटिएको समयमा उनलाई सन् २०१४ मा इबोला संक्रमण भएको थियो ।

उनले गत वर्ष पनि लन्डनमा दुई पटक यसको उपचार गराएकी थिइन् । सन् २०१५ को सुरुआतसम्म उपचारमा रहेकी उनी मार्च महिनादेखि सर्वसाधारणको उपचारका लागि खटिएकी थिइन् । तर, गत अक्टोबरमा उनको शरीरमा इबोला भाइरस रहेको पुष्टि भएको थियो ।

सन् २०१४ को मार्च महिनामा पहिलोपटक पुष्टि भएको इबोला संक्रमणका कारण सियरालियोन, लाइबेरिया, नाइजेरिया, गिनी, मालीसहितका ६ अफ्रिकी मुलुकमा ११ हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो । ती देशहरूमा २९ हजारभन्दा बढी मानिसमा इबोला भाइरसको संक्रमण पुष्टि भएको थियो । विश्व स्वास्थ्य संगठनले १३ जनवरी २०१६ मा इबोलाबाट अति प्रभावित लाइबेरियालाई समेत इबोलामुक्त भएको घोषणा गरेको थियो ।


## कतारमा रोजगार

१.कम्पनी : AL NAJJAR REAL ESTATE शहर : Qatar
पूर्व स्वीकृत मिति : २०७२/११/११ चलानी नं. : ११७४४ LT. No. 147697 कुल लागत: कम्पनीले दिने

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब QR | ने.रू. |
|---|---|---|---|---|
| 1 | Plumber | 03 | 1100 | 31,900 |
| 2 | Carpenter | 05 | 1100 | 31,900 |
| 3 | Electrician | 03 | 1100 | 31,900 |
| 4 | Labourer | 30 | 900 | 26,100 |
| 5 | Plaster Worker | 10 | 1100 | 31,900 |
| 6 | TILE WORKER | 06 | 1100 | 31,900 |
| 7 | Cabling Technician | 03 | 1100 | 31,900 |

प्रतिदिन काम गर्ने घण्टा: ८ घण्टा; हप्तामा काम गर्ने दिन: ६ दिन; खाने सुविधा: छ; बस्ने सुविधा: छ

२.कम्पनी : TVS INTERNATIONAL W.L.L शहर : Qatar
पूर्व स्वीकृत मिति : २०७२/११/११ चलानी नं. : ११७२७ LT. No. 147731 कुल लागत: १०००० 

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब QR | ने.रू. |
|---|---|---|---|---|
| 1 | Shuttering Carpenter | 08 | 1100 | 31,900 |
| 2 | Steel Fixer | 08 | 1100 | 31,900 |
| 3 | Mason | 08 | 1100 | 31,900 |
| 4 | DRIVER LIGHT | 01 | 1500 | 43,500 |
| 5 | BUILDING WORKER (LABOUR) | 10 | 900 | 26,100 |

प्रतिदिन काम गर्ने घण्टा: ८ घण्टा; हप्तामा काम गर्ने दिन: ६ दिन; खाने सुविधा: छ; बस्ने सुविधा: छ

सेवा शुल्क: निःशुल्क

छनौट भई भीषा प्राप्त भैसकेका व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषाबापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

Hamidah International Pvt.Ltd.
Sinamangal, Kathmandu, Tel: 014478038,
Office : 01-4478038, 9803645392, mobile: 9813969165, 9803827916, 9802044355, 9851003828, Butwal : 9847048484, Chitwan : 9803364186

## जेरी भर्घिज ग्लोबल रिक्रुटमेन्ट सर्भिसेज प्रा. लि.
"TRUSTED PARTNERS FOR OVERSEAS JOBS WITH LOWEST SERVICE FEES"
कम्पनी JUIC ZONE देश : KSA
पूर्व स्वीकृत मिति : २०७२/१०/११ चलानी नं. : 11711 LT. No. 149975

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब SR | ने.रू. |
|---|---|---|---|---|
| 1 | Pastry Maker | 1 | 1800 | 52,722 |

प्रतिदिन काम गर्ने घण्टा: ८ घण्टा; हप्तामा काम गर्ने दिन: ६ दिन; खाने सुविधा: छ; बस्ने सुविधा: छ

अन्तरवार्ता : २०७२ माघ १९, २० र २१ गते कम्पनीको प्रतिनिधिबाट हुनेछ ।
सेवा शुल्क: १०००० 
केन्द्रीय कार्यालय
गणेशवस्ती, महाराजगञ्ज, चक्रपथ, काठमाडौं
फोन नं.: ०१-४४२०५०१/४४२०५०२, ई-मेल : jvgrsnepal@mail.com.np
शाखा कार्यालय
ईटहरी-१, धरान रोड, सुनसरी, नेपाल, फोन नं.: ०२५-५८७१५७
मेसिन रिडेवल राहदानी अनिवार्य पेश गर्नु पर्नेछ ।

## साउदी अरेबीयामा रोजगार

१. कम्पनी : ABDULLAH ATEEQ AL BALAWI FACTORY शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/११/११ चलानी नं. : ११६६८ LT. No. 154296

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब SR | ने.रु. |
|---|---|---|---|---|
| 1 | fixture machine operator | 01 | 2200 | 63,800 |

प्रतिदिन काम गर्ने घण्टा: ८ घण्टा; हप्तामा काम गर्ने दिन: ६ दिन; खाने/बस्ने सुविधा: छ

METTA INTERNATIONAL PVT. LTD.
Airport-09, Manpower Bazar, Kathmandu.
Tel : 4112976, 4112977, Fax: +977 1 4112978.
E-mail: info@mettain.com, mettainternational@gmail.com,
Web: www.mettaint.com

## वर्गीकृत डिस्प्ले
सिधा सम्पर्क : ५५४६३००, ५५४१०३०/४० Ext : १०२
E-mail : rajdhanimarketing76@gmail.com / rajdhani_marketing@yahoo.com

**राहदानी हरायो**
मिति २०७२/१०/२० गते रत्नपार्कदेखि कलंकीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम थर : अम्म लाल धराला
राहदानी नं.: ०९४६७४३३
ठेगाना : सुकाढिक-८, मुगु
सम्पर्क नं.:९७४८४९५९८५

**राहदानी हरायो**
मिति २०७२/०९/२६ गते चावहिलदेखि चक्रपथसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम थर : ज्ञान बहादुर गौतमत
राहदानी नं.: ३८६५०७१
ठेगाना : माझीफेदा-३, काभ्रे
सम्पर्क नं.:९८०३४०३७४१

**फास्ट फुड बिक्रिमा**
विगत ८ वर्ष देखि सञ्चालनमा रहेको फास्ट फूड बिक्रिमा ।
ठेगाना : नयाँ वानेश्वर
सम्पर्क : ९८०७१०६९५५

**मोटरसाइकल हरायो**
मिति २०७२/११/०६ गते मेरो बा.६५ प. ९८१२ नम्बरको कालो रंग भएको मोटरसाइकल धार्के बाट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
च्यासिस नं. : MD2ABE29ECH80965
इन्जिन नं. : DK2CEH73601
सम्पर्क नं. : 9851061692

**राहदानी हरायो**
मिति २०७२/१०/०५ गते बसुन्धारा देखि चक्रपथ सम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम :- बिस्ना काकी
ठेगाना :- जेम्दाङ्ग-३, रोल्पा
राहदानी नं.:- ०७२०७१२५
फोन नं. :- ९८०९८९९७४६

**राहदानी हरायो**
मिति २०७२/०९/१५ गते बाँकेको हिरमिनीयादेखि नेपालगन्जसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम थर : तिवारीलाल कोरी
राहदानी नं.: ०६१३९२६८
ठेगाना : हिरमिनीया-८, बाँके
सम्पर्क नं. : ९८१५५५३६५५

**वर्गीकृत डिस्प्ले २५०**
वर्गीकृत विज्ञापन प्रति शब्द रु ५/-

**राजधानी न्यूज पब्लिकेशन प्रा.लि.का क्षेत्रीय तथा ब्यूरो कार्यालयहरु**
नेपालगञ्ज: क्षेत्रीय कार्यालय फोन : ०८१-५२५५३४
बुटवल : क्षेत्रीय कार्यालय फोन : ०७१-४३७४५५
पोखरा : (क्षेत्रीय कार्यालय) फोन : ९८४६५६३५१३

www.rajdhani.com.np का.जि.प्र.का.द.नं. १०३/०४०/४१, म.क्षे.हु.नि.द.नं. २४/२०७१/०७२ बुधवार १२ फागुन २०७२ (Wednesday 24 February 2016) राजधानी

## छोटकरी

### मलेसियासँग मैत्रीपूर्ण खेल खेल्ने

**काठमाडौं/रास–** नेपाली राष्ट्रिय फुटबल टिमले मलेसियाको राष्ट्रिय फुटबल टिमसँग मैत्रीपूर्ण खेल खेल्ने भएको छ। २९ मार्चमा मैत्रीपूर्ण खेल हुने अखिल नेपाल फुटबल संघ(एन्फा)ले जनाएको छ। मलेसियाको फुटबल संघको निमन्त्रणामा सो मैत्रीपूर्ण खेल हुन लागेको हो। म्याच क्वालालम्पुरमा हुनेछ। अबको दुई वर्ष सिनियर टिमका लागि कुनै प्रतियोगिता नरहेकाले एन्फाले अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमार्फत खेलाडीलाई राख्ने बताएको छ। मार्चको पहिलो सातामा एन्फाले मलेसियामा खेल्ने म्याचका लागि खेलाडीको चयन गर्ने बताएको छ।

### आकाशदीपलाई पहिलो स्थान

**काठमाडौं/रास–** आकाश दीप स्कुलले प्रथम मध्यमाञ्चल गोजुरियो कराँते प्रतियोगिताको उपाधि जितेको छ। नेपाल गोजुरियो कराँते डो संघ कपन डोजो र त्रिज्योति स्कुल कपनको संयुक्त आयोजनामा सञ्चालित प्रतियोगितामा एक्सेल स्कुल दोस्रो तथा त्रिज्योति स्कुल तेस्रो भए। विजयी टोली तथा खेलाडीलाई प्रमुख अतिथि काठमाडौं जिल्ला खेलकुद विकास समितिका अध्यक्ष ध्रुव न्यौपानेले पुरस्कार वितरण गरे। पुरस्कार वितरण समारोहमा सेन्ट लरेन्स कलेजका निर्देशक कृष्णप्रसाद दंगालले पनि मन्तव्य व्यक्त गरे। प्रतियोगिताको उद्घाटन १४ ओटै ८ हजार मिटरभन्दा माथिल्ला उचाइ भएका हिमाल आरोहण गर्ने मिङमा शेर्पाले गरेका थिए।

### मोहनलाई अस्ट्रेलियामा कांस्य

**काठमाडौं/रास–** नेपालका मोहन बमले एसीटी अन्तर्राष्ट्रिय ओपन जुडो प्रतियोगितामा कांस्य पदक जितेका छन्। पहिलो चरणमा बाई पाएर अघि बढेका मोहन बम दोस्रो चरणमा काइपिङसँग पराजित भए। त्यसपछि भएको रेपाजे फाइटमा उनले लुइस मोट, लियाम स्टुवार्ट र खेम थापालाई हराए। नेपालका खेम थापा पनि हाल अस्ट्रेलियामा रहेका छन्। छैटौं राष्ट्रिय खेलकुदका स्वर्ण विजेता बम हाल अस्ट्रेलियामा रहेका छन्।

नेपाली खेलकुदमा उत्कृष्ट प्राविधिकको छवि बनाएका राजेश कमाचार्यले अमेरिकामा अर्को सफलता पाएका छन्। न्युयोर्क ओपन जुडोमा रेफ्रीको रूपमा व्यस्त राजेशले त्यसको केही दिनअघि मात्र आईबीएसए जुडो रेफ्री कोर्स पूरा गरेका हुन्।

### यू स्टार सेमीमा

**काठमाडौं/रास–** न्यू स्टार पोल र हाइल्यान्ड स्कुल १०औं फेका कफ छात्र फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्। मंगलबार भएको पहिलो क्वार्टरफाइनल खेलमा न्यू स्टार पोलले कस्मिक स्कुललाई २-० गोलअन्तरले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएको हो। न्यू स्टारका लागि प्रतियोगिताका म्यान अफ दि म्याच सलिन थापा र मनित कोइरालाले गोल गरेका थिए।

अर्को खेलमा हाइल्यान्ड स्कुलले गोठाटार स्कुललाई ट्राइब्रेकरमा ५-४ गोलअन्तरले पराजित गर्‍यो। निर्धारित समयको खेल एक/एकको बराबरीमा टुंगिएपछि जितको छिनोफानो ट्राइब्रेकरमा भएको थियो।

### जेभियर र लिभरपुल सेमिफाइनलमा

**काठमाडौं/रास–** जेभियर इन्टरनेसनल र लिभरपुल इन्टरनेसनल कलेज १४औं ज्ञान निकेतन बास्केटबल च्याम्पियनसिप ०७२ को सेमिफाइनलमा प्रवेश गरेका छन्।

जेभियरले अजय कुशवाहाको १७ अंकको मद्दतले एन्जलहर्टलाई ४४-३१ अंकले पराजित गर्दै सेमीमा स्थान बनाएको हो। अर्को खेलमा लिभरपुलले बर्नहार्ट कलेजलाई ५७-४३ अंकले पराजित गर्‍यो। लिभरपुलका लागि सुमंगा बोगटीले १७ अंक जोडे।

अर्को खेलमा प्राइम कलेजले कोलम्बसमाथि ६४-४६ अंकले पराजित गर्दै सेमीमा स्थान बनायो। उसको जितमा सुरज खड्गीको १३ अंकको योगदान रह्यो।

# मनाङ बाहिरियो पुलिस सेमिफाइनलमा



**सुदीप कोइराला/राजधानी**
मोरङ, ११ फागुन

नेपाल पुलिस क्लब विराटनगरमा जारी चौथो विराट गोल्डकप प्रतियोगितामा लक्ष्मी हुन्डाई मनाङ मर्स्याङ्दी क्लब काठमाडौंलाई पराजित गर्दै अन्तिम चारमा प्रवेश गरेको छ।

मंगलबार ट्राइब्रेकरमा ३-२ ले पराजित गर्दै पुलिसले सेमिफाइनलको यात्रा तय गरेको हो। बंगलादेशको क्लब गोल्डकप खेल्न नआएपछि अन्तिम समयमा सहभागिता जनाएको पुलिसले उत्कृष्ट प्रदर्शन गर्दै हेटौंडामा सम्पन्न हेटौंडा गोल्डकप विजेता मनाङलाई पराजित गर्न सफल भयो।

निर्धारित ९० मिनेट र अतिरिक्त समयसम्म खेल एक/एक गोलको बराबरीमा टुंगिएपछि खेल ट्राइब्रेकरमा धकेलिएको थियो। ट्राइब्रेकरमा पुलिसका लागि जुमानु राई, भरत साह र हेम तामाङले गोल गरे। सुमन सुवेदीको गोल मनाङका गोलरक्षक किरण चेम्जोङले रोक्न सफल भए भने भोला सिलवालको प्रहार बाहिरिएको थियो।

मनाङका तर्फबाट सुजल श्रेष्ठ र मौसाले गोल गरे। कप्तान अनिल गुरुङ, सिस्सोको प्रहार पुलिसका गोल रक्षक रोशन खड्काले क्लियर गरे। विश्वास श्रेष्ठको प्रहार भने बाहिरिएको थियो। अन्तिम समयमा विशाल श्रेष्ठको बदलामा मैदान प्रवेश गरेका पुलिसका गोलरक्षक रोशन खड्काले उत्कृष्ट प्रदर्शन गर्दा मनाङ प्रतियोगिताबाट बाहिरिन पुग्यो।

खेलको ७०औं मिनेटमा पुलिसका भोला सिलवालले कर्नरबाट हानेको प्रहारलाई कप्तान जुमानु राईले हेड गरेको बल विनोद कार्कीले गोल गर्दै पुलिसलाई अग्रता दिलाएका थिए। कार्की ६१औं मिनेटमा दिनेश गुरुङको सट्टामा मैदान छिरेका थिए।

मनाङका लागि अतिरिक्त समयको दोस्रो मिनेटमा सुजल श्रेष्ठले पेनाल्टीमा गोल गरी खेल बराबरीमा ल्याएका थिए।

खेलको म्यान अफ द म्याच पुलिसका गोलरक्षक रोशन खड्का घोषित भए। विजयपछि पुलिसका प्रशिक्षक अनन्त थापाले निर्धारित मिनेटमै खेल जित्नुपर्ने भए पनि अन्तिममा रेफ्रीको सानो गल्तीले खेल जित्नलाई पेनाल्टीसम्म कुर्नुपरेको बताए।

मनाङका प्रशिक्षक छिरिङ तोप्ताङ गुरुङले लगातार खेल खेल्नु परेकाले सोचे जस्तो खेलाडीले प्रदर्शन गर्न नसकेको बताए। बुधबारको पहिलो सेमिफाइनल खेल गत वर्षको विजेता रमपम झापा-११ र सशस्त्र प्रहरी बलको एपीएफ क्लब काठमाडौंबिच प्रतिस्पर्धा हुनेछ।

# आर्मीका दुवै टिम सेमिफाइनलमा

**काठमाडौं/रास–** आयोजक आर्मीको ए र बी टिमबिच सेमिफाइनलमा भेट हुने भएको छ। मंगलबार भएको लिग खेलमा आर्मीको बी टिमले पश्चिमाञ्चललाई हराएपछि अन्तिम चारमा प्रवेश गरेको हो।

सेमिफाइनल प्रवेशका लागि दुवै टिमले जित्नै पर्ने अवस्थामा आर्मी बी टिमले ३-० को सोझो सेटमा पश्चिमाञ्चललाई हरायो। आर्मीले पश्चिमाञ्चलमाथि २५-१८, २५-१९ र २५-१२ को सहज जित निकाल्यो। त्यस्तै, अन्य खेलमा पुलिस, एपीएफ र मध्यामाञ्चलले जित निकाले। पुलिसले पूर्वाञ्चललाई २५-१४, २५-२० र २५-२० को सोझो सेटमा हरायो। लिगका तिनै खेल जितेको पुलिस समूह एबाट विजेताको रूपमा सेमिफाइनल प्रवेश गरेको छ।

समूह बीमा रहेको एपीएफले मध्यपश्चिमाञ्चललाई २५-१२, २५-२० र २५-१८ को सोझो सेटमा हरायो। एपीएफले ३ खेलबाट ६ अंक बनाएर सेमिफाइनल प्रवेशका लागि पकड बलियो बनाएको छ। मध्यामाञ्चलले सुदूरपश्चिमाञ्चललाई २५-१८, २५-२३ र २५-२२ को सोझो सेटमा हराउँदै पहिलो जित निकालेको छ। बुधबार लिग चरणका अन्तिम खेल हुनेछन्।

# पेरिसालाई स्काउट चेसको उपाधि

**काठमाडौं/रास–** ललितपुर विद्यालय स्तरीय बुद्धिचालको उपाधि क्यास्पियन स्कुलका पेरिसा ताम्राकारले हात पारेकी छिन्। उनले सातौं चरणको खेलमा ज्ञानोदयकी प्रथम रावलसँग बराबरी खेली साढे ६ अंकसहित सो उपाधिका साथ नगद २० हजार पुरस्कार प्राप्त गरिन्।

ललितपुर जिल्ला बुद्धिचाल संघ र ललितपुर जिल्ला स्काउट कार्यालयको संयुक्त आयोजनामा भएको प्रतियोगिताा जुगल किशोर स्कुलका रञ्जित यादव दोस्रो स्थानमा रहे भने नमुना मच्छिन्द्रका रोशन पुन तेस्रो स्थानमा रहेका थिए।

त्यसैगरी, चौथोदेखि १०औं स्थानसम्म क्रमशः एम्सका निकेश शाक्य, ज्ञानोदयका प्रथम रावल, हिमालयनका सनोज नेपाल, सुदेशाका अमन महर्जन, ग्रान्ड एकेडेमीका युगेश श्रेष्ठ, कान्तिपुरका सोहन थापा र जुगलका अनुराग केसी रहे।

ललितपुर जिल्ला खेलकुद विकास समितिको भवनमा आयोजित प्रतियोगिताका विजेता खेलाडीलाई सांसद मदनबहादुर अमात्य र नेपाल बुद्धिचाल संघका अध्यक्ष राजेशहरि जोशीले पुरस्कृत गरेका थिए। प्रतियोगितामा ललितपुर जिल्लाका ७० खेलाडीको सहभागिता रहेको थियो।



# पदक विजेता जुडो खेलाडी सम्मानित

**काठमाडौं/रास–** मित्र राष्ट्र भारतको गुवाहाटी र सिलोङमा सम्पन्न १२औं दक्षिण एसियाली खेलकुदमा जुडोमा पदक विजेता खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकहरूलाई नेपाल जुडो संघले नगदसहित सम्मान गरेको छ।

त्रिपुरेश्वरस्थित ओलम्पियन सेमी कभर्ड हलमा आयोजित कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव केशवकुमार विष्टले नगद पुरस्कार प्रदान गरे।

संघले स्वर्ण विजेता फुपु ल्हामु खत्रीलाई ५० हजार पुरस्कार प्रदान गरेको छ। रजत विजेतालाई ३० हजार र कांस्य विजेतालाई २० हजार प्रदान गर्‍यो। रजत प्राप्त गर्नेमा लीला अधिकारी र मनिता श्रेष्ठ प्रधान रहेका छन्। यस्तै, कांस्य पदक प्राप्त गर्नेमा सरिता चौधरी, गंगा चौधरी, पुनम श्रेष्ठ, इन्द्रबहादुर श्रेष्ठ, रमेश मगर र शिवबहादुर बराम रहेका छन्।



यस्तै, प्रशिक्षकद्वय दलबहादुर गुरुङ र इन्द्र डंगोललाई जनही २० हजार र व्यवस्थापक देवु थापा र गंगाबहादुर खड्कालाई जनही १५ हजार प्रदान गरिएको थियो। यसका साथै नेपाल जुडो संघका अध्यक्ष दीपक हर्ष बज्राचार्यले आफ्नो व्यक्तिगत तर्फबाट विजेता खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई समेत करिब १ लाख ४ हजारबराबरको कार्पेट प्रदान गरेका थिए। यस्तै, सोही अवसरमा राष्ट्रिय खेलकुद परिषद् सदस्य सचिव केशवकुमार विष्टलाई समेत बज्राचार्यले मायाको चिनो स्वरूप कार्पेट प्रदान गरिएको थियो।

सो अवसरमा बोल्दै स्वर्ण पदक धारी फुपुले पदक जितेको क्षण जीवनकै अविस्मरणीय क्षण रहेको भन्दै आगामी दिनमा पनि राष्ट्रका लागि स्वर्ण पदक प्राप्त गर्न लालायित भएको बताइन्। कांस्य पदकधारी रमेश मगरले आफूले राष्ट्रका लागि स्वर्ण पदक हासिल गर्ने मनोकांक्षा रहँदारहँदै पनि हात पार्न नसकेकोमा खिन्न भएको भन्दै उचित प्रशिक्षण प्राप्त गरेको खण्डमा स्वर्ण पदक प्राप्त गर्न सफल हुने विश्वास व्यक्त गरे।

पुरस्कार वितरण कार्यक्रममा बोल्दै सदस्य सचिव विष्टले सागमा प्राप्त मेडल नेपालका लागि उपहार भएको भन्दै सागकै आकर्षक खेल फुटबलले स्वर्ण पदक प्राप्त गर्दा राष्ट्रले खुसी मनाए पनि सबै खेल समान रहेको बताए। उनले स्वर्ण पदकको संख्यालाई हेर्दा कमजोर देखिए पनि समग्रमा हेर्दा सबै खेलाडीले आफ्नो कलाकौशललाई पूर्ण रूपमा प्रयोग गरेको र स्वर्णलाई मात्र महत्त्व दिँदा अन्य खेलाडीलाई अन्याय हुने बताए।

हामी आफ्नो तर्फबाट कमजोर नभई अन्य राष्ट्रले खेलकुदमा लगानी बढाएका र महत्त्व दिएका कारण खेलकुदमा प्रगति गरेकाले हामीभन्दा अगाडि बढेको बताए। पराजित खेलाडीले पनि आफ्नो तर्फबाट सक्दो मिहिनेत गरेका छन्। खेलाडीको मात्र कमजोरी नभई प्रशिक्षक, संघ, परिषद् र राष्ट्रको समेत कमजोरी रहेकोमा उनले जोड दिए।

# केबीआरयू कन्दङवा गोल्डकप आजदेखि

**मोरङ/रास–** मोरङको कोसीहरैंचामा हुने चौथो केबीआरयू कन्दङवा गोल्डकप मोरङको इन्द्रपुरमा बुधबारखदेखि सुरु हुँदै छ। सगरमाथा युथ क्लब इन्द्रपुरको आयोजनामा हुने प्रतियोगिता १९ फागुनसम्म सञ्चालन हुनेछ। क्लबका अध्यक्ष जनार्दन बास्तोलाका अनुसार प्रतियोगितामा भारतको एक टिमसहित आठ टिमले सहभागिता जनाउने छन्।

नेपाल आर्मीको त्रिभुवन क्लब काठमाडौं, एपीएफ क्लब काठमाडौं, मनाङ मर्स्याङ्दी क्लब काठमाडौं, चर्जब्वाइज क्लब काठमाडौं, रूपन्देही ११, रमपम झापा-११, दार्जिलिङ युथ क्लब भारत र आयोजक सगरमाथा युथ क्लबले प्रतियोगितामा सहभागिता जनाउनेछन्।

प्रतियोगिताको विजेता टोलीले २ लाख १ हजार १ सय ११ र उपविजेताले १ लाख १ हजार १ सय ११ नगद र ट्रफी हात पार्नेछन्। प्रतियोगिता सञ्चालनका लागि ३२ लाख खर्च लाग्ने अनुमान गरिएको अध्यक्ष बास्तोलाले बताए। उनले ७० वर्ष भन्दामाथिका वृद्धवृद्धा र १० वर्षभन्दा कम उमेरका बालबालिकालाई निःशुल्क खेल हेर्ने व्यवस्था मिलाएको बताए।

बुधबारको उद्घाटन खेलमा चर्जब्याइज क्लब काठमाडौं र आयोजक सगरमाथा युथ क्लब प्रतिस्पर्धा गर्ने भएका छन्।

# अमित र दीक्षालाई स्वर्ण

**काठमाडौं/रास–** एभरेस्ट बोर्डिङ स्कुलका अमित बनेपाली आठौं पूर्णमान बज्राचार्य मेमोरियल खुला टेबल टेनिस च्याम्पियनसिप अन्तर्गत यू-१४ छात्र एकलमा स्वर्ण पदक प्राप्त गर्न सफल भएका छन्।

अमितले फाइनलमा एभीएमका आशिष शर्मालाई १२-१०, ११-९, ९-११, ४-११ र ११-६ को संघर्षपूर्ण खेलमा पराजित गर्दै स्वर्ण प्राप्त गर्न सफल भएका हुन्। सो स्पर्धामा एभीएमका डिकेन महर्जन र युरो पिसका शशांक शाहले कांस्य पाए।

छात्रा यू-१६ तर्फको खेलमा पञ्चायत धरानकी दीक्षा दाहालले एभीएमकी दीक्षा तामाङलाई ११-७, १-११, ११-६, ६-११ र १२-१० ले पराजित गर्दै स्वर्ण पाइन्। सो स्पर्धामा यूसीपीएचकी स्वस्तिका घिमिरे र श्रीज्ञान मन्दिरकी अनुष्का प्रसाईंले कांस्यमा सीमित भए।

छात्रा टिम इभेन्ट्सतर्फ एभीएमले बाजी मार्‍यो। एभीएमले श्रीज्ञान मन्दिरलाई ३-० ले पराजित गर्दै उपाधि कब्जा गरेको हो। प्रभात उच्च माध्यमिक विद्यालय र विजेश्वरी उमावि संयुक्त रूपमा तेस्रो भए।

कलेजतर्फको खेलमा महिला एकलमा प्रभात उमाविकी सुजाता दुवालले सीसीआरसीकी सोनु थापा मगरलाई ११-७, २-११, ११-८ र १४-१२ ले पराजित गर्दै फाइनलमा प्रवेश गरिन्। यस्तै, अपेक्षा शाक्यले प्रभात उमाविकी मञ्जु सुवाललाई १२-१०, ११-३, ७-११ र ११-५ ले पराजित गर्दै फाइनलमा सुजातासँग उपाधिका लागि भिड्ने भएकी छिन्।

पुरुषतर्फको खेलमा प्राइम कलेजका स्यान्टु श्रेष्ठ र निहाल श्रेष्ठले फाइनलमा भिडन्त गर्ने भएका छन्। स्यान्टुले सीसीआरसीका कृष्ण थापा मगरलाई ११-७, १४-१२, ११-५ ले तथा निहालले मोर्गन कलेजका प्रज्वल श्रेष्ठलाई ११-५, ११-६, ७-११ र ११-६ ले पराजित गरेका थिए।


ग्राहक वर्गमा जानकारी

राजधानी दैनिकको वार्षिक ग्राहक दर मिति २०७२/११/०९ देखि लागु हुनेगरी रु १७००/- मात्र कायम गरिएको र साथमा एक थान इमर्जेन्सी लाइट उपहार प्राप्त गर्नु हुनेछ।

मोबाईल नं.:- ९८५११९७०७१ नारायण, ९८५११६७७८४, रमेश, ९८४३२६२७७९ गीता

सम्पर्क: विक्रि वितरण विभाग
राजधानी न्यूज पब्लिकेशन प्रा.लि.
फोन नं. ५५४६३०० Ext. ११२

नोटः- यो योजना उपत्यकाभित्र सीमित अवधिको लागि मात्र लागु हुनेछ।


**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आशिष शेरचन**, सम्पादक : **राजन शर्मा**